मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ३ ● अंक ३०९ ● २०८२ साल असोज २४ गते शुक्रबार ● Friday 10, October 2025 ● सूर्योदय: बिहान ०६:०२ बजे ● सूर्यास्त: साँझ ५:४२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## महानगर पुनर्निर्माणमा धमाधम जुट्दै

मधेशदृष्टि
वीरगंज।
जेन्जी आन्दोलनक्रममा भएको तोडफोड र आगजनीले वीरगंज महानगरपालिकाको कार्यालयमा भएको ठूलो क्षतिपछि पुनर्निर्माण कार्यलाई तीव्रता दिइएको छ। महानगरपालिकाले पुनर्निर्माणलाई प्राथमिकतामा राखेर तीव्र गतिमा काम अघि बढाएको छ।
प्रमुख राजेशमान सिंहका प्राविधिक सल्लाहकार प्रकाश बहादुर अमात्यका अनुसार, आगजनीबाट पूर्ण रूपमा नष्ट भएका दुई वटा भवनलाई भत्काएर नयाँ निर्माण गर्ने योजना छ। नयाँ भवन निर्माणका लागि नगर परिषद्को बैठकबाट विशेष बजेट अनुमोदन गरिएको छ भने दातृनिकायहरूसँग समन्वय भइरहेको छ। महानगर भित्र रहेको पूर्वतर्फका भवनहरूमा ठूलो क्षति नभएकोले भवनमा रंगरोगन र मर्मत कार्य तीव्र गतिमा भइरहेको छ।

# एमालेलाई लिएर सरकार बनाउने विषयमा कांग्रेसमै असन्तुष्टि

वीरेन्द्र रमण
जनकपुरधाम।
मधेश प्रदेशमा नेपाली कांग्रेसको नेतृत्वमा नेकपा एमाले र जनमत पार्टीले सरकार बनाउने दाबी पेश गरेपछि यसमा नेपाली कांग्रेस पार्टीभित्रै अन्तरविरोध देखिएको छ। नेपाली कांग्रेसको एउटा खेमाले नेकपा एमालेको साथ लिएर सरकार बनाउन नहुने बताएका छन्।

नेपाली कांग्रेसका शेखर कोइराला पक्षले यतिखेर नेकपा एमालेसँग सहकार्यमा जाँदा कांग्रेसलाई ठूलो राजनीतिक घाटा हुने बताउँदै पार्टी नेतृत्वलाई सरकारमा नेकपा एमालेलाई मिसाउन नहुने प्रताव गरेपछि कांग्रेसको सरकारमा भइरहेको दाबी फितलो भएको छ। नेता शेखर पक्षका नेता एवम् प्रदेश सभा सदस्य रामसरोज यादवले केन्द्रमा संविधान संशोधनसहितको मुद्दालाई लिएर सरकार गठन भएको बताउँदै नेकपा एमालेले धोका दिएका कारण अहिलेको अवस्था सृजना भएकाले फेरि नेकपा एमालेसँग गठबन्धन गर्नु पार्टीका लागि घातक र प्रत्युत्पादक हुने बताए।

यादवले बरु संघीयता समाप्त पार्ने खेल भइरहेको बताउँदै यस्तो अवस्थामा सर्वदलीय सरकार बनाएर जाँदा उपयुक्त हुनेसमेत तर्क गरेका छन्। उनले मधेश सरकार बनाउने खेलोफड्को भन्दा संघीयताको पक्षमा एक ढिक्का छन् भन्ने सन्देश दिनु जरुरी रहेको बताए। यादवले केन्द्रमा एमालेसँगको सहकार्यका कारण कांग्रेसले पहिले नै ठूलो राजनीतिक क्षति बेहोरेको दाबी गर्दै भने, 'यदि मधेश प्रदेशमा पनि एमालेसँग सरकार गठन भयो भने कांग्रेसलाई थप घाटा हुनेछ।'

यादवले पार्टीले हतारमा दाबी पेस गरेको समेत बताएका छन्। जनमत पार्टीका प्रदेशसभा सदस्य रहेका मुख्यमन्त्री सतिश कुमार सिंहले पदबाट राजीनामा नदिएको तथा विश्वासको मत लिनुपूर्व नै तीन दलले नयाँ सरकार गठनका लागि दाबी पेश गरेपछि कांग्रेसमै मतभेद देखिएपछि मुख्यमन्त्री सतिश कुमार सिंहलाई पनि राजनीतिक लाभ देखिएको छ। कांग्रेसमा जस्तै केही प्रदेश सांसदले जनमतमा पनि फरक मत राख्ने अवस्था बने कांग्रेसलाई मुख्यमन्त्रीमा बहुमत पुग्न निकै कठिन हुने संकेत यसबाट मिलेको छ। लोसपालाई बाहिरै राखेर सरकार बनाउने कच्चा राजनीतिमा कांग्रेसलाई चोट पुगेको छ भने यस्तै मत जनमतमा पनि विकसित भएर केही सदस्य सतिश सिंहका पक्षमा उभिए कांग्रेसको मुख्यमन्त्री सपनासमेत चक्नाचुर हुने संकेत गरेकोक छ। कांग्रेस नेता यादवले त मधेशमा मुख्यमन्त्री दाबी गरिनु पार्टीभित्रै ठूलो त्रुटिपुर्ण कार्य भएको तर्क गरेका छन्। तीन दलले पेश गरेको दाबी पत्र नै पनि त्रुटिपूर्ण देखिएकै छ।

प्रदेश प्रमुखको कार्यालयले हालसम्म नयाँ सरकार गठनका लागि आह्वान नगरे पनि तीन दलले पेश गरेको दाबीमा भने प्रदेश प्रमुखले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम २ वा २ भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त सरकारका लागि असोज २२ गते सूचना आह्वान भएको भन्दै सोही सूचनाको आधारमा दावी पेश गरेको उल्लेख गरेको छ। तर प्रदेश प्रमुखको कार्यालयका अनुसार हालसम्म नयाँ सरकार गठनका लागि कुनै सूचना आह्वान भएको छैन।

नेपालको संविधानको धारा १६९ को उपदफा (१) मा मुख्यमन्त्रीको पद रिक्त हुने अवस्थाको बारेमा उल्लेख गरिएको छ। उपदफाको (क) मा मुख्यमन्त्रीले प्रदेश प्रमुखसमक्ष लिखित राजीनामा दिएमा, (ख) मा धारा १८८ बमोजिम विश्वासको प्रस्ताव पारित भएमा, (ग) प्रदेशसभाको सदस्य नरहेमा, (घ) निजको मृत्यु भएको अवस्थामा मुख्यमन्त्री पद रिक्त हुने व्यवस्था गरिएको छ।

तर मधेश प्रदेशमा भने मुख्यमन्त्रीलाई दिइएको समर्थन दलहरुले फिर्ता लिए पनि मुख्यमन्त्री सिंहले हालसम्म विश्वासको मत लिएका छैनन्। उनले विश्वासको मत नलिँदै तीन दलले दाबी पेश गरेको हो।

नेपाली कांग्रेस संसदीय दलका नेता एवम् नयाँ सरकारमा मुख्यमन्त्रीको रुपमा प्रस्ताव भएका कृष्णप्रसाद यादवले सतिश कुमार सिंह बहुमतको आधारमा नियुक्त भएकामा तीनै दलले समर्थन फिर्ता लिइसकेकाले उनले विश्वासको मत लिने औचित्य नभएकाले दाबी पेश गरेको बताएका छन्। उनले मुख्यमन्त्रीले अहिले पनि राजीनामा नदिए विश्वासको मत फेस गरिसकेपछि प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि आह्वान गरेपछि फेरि दाबी पेश गर्ने बताएर ढाकछोप गर्न खोजिरहँदा आफ्नै पार्टीभित्रै यसमा असन्तुष्टि देखिएपछि उनको विगत कोट्याएर सामाजिक सञ्जालमा चरित्र हत्या त भइरहेको थियो, अब कांग्रेसमै पनि उनी एक्ला र सग्ला नेतृत्व नरहेको र असन्तुष्टलाई समेट्न नसक्ने भनेर शुरुमै चर्चा हुन थालेको छ।

मुख्यमन्त्री सिंहले असोज २८ गतेसम्म विश्वासको मत लिने कानूनी अधिकार छ। १ सय ७ सदस्यीय मधेश प्रदेशसभामा दुई सांसद निलम्बित छन्। तीन दलले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नयाँ सरकार गठनका लागि दाबी पेश गरेका छन्। एमालेका २३, कांग्रेसका २२ र जनमतका १३ जना प्रदेशसभा सदस्यको समर्थनमा नयाँ सरकार गठनका लागि दाबी पेश भएको हो। सरकार बनाउन ५४ सदस्य चाहिनेमा ५८ सदस्य रहेको भनेर लोसपालाई छाडेर सरकार बनाउन कस्सिएका तीन दललाई कांग्रेसकै एउटा खेमाले चुनौती दिएपछि मधेश सरकार निर्माण फेरि प्रश्नको घेरामा परेको छ।



### कांग्रेस केन्द्रीय पदाधिकारी बैठक शुक्रबार पनि

बिहीबारदेखि शुरु भएको नेपाली कांग्रेसको केन्द्रीय पदाधिकारी बैठक शुक्रबार दिउँसो १ बजे पुनः बस्ने भएको छ। पार्टी उपसभापति पूर्णबहादुर खड्काको सभापतित्वमा बसेको बिहीबारको बैठकमा पदाधिकारीहरुले धारणा राख्ने क्रम नसकिएकाले शुक्रबार पुनः बस्ने गरी स्थगित भएको प्रवक्ता डा प्रकाशशरण महतले जानकारी गराए। ललितपुरको सानेपामा बैठक जारी छ।

'वर्तमान परिवेशमा भएको घटनाक्रमले खडा गरेको राजनीतिक चुनौती र पार्टीप्रतिको चुनौतीलाई जोगाउँदै देशलाई जोगाउने विषयमा छलफल जारी छ, पार्टीलाई विशेष परिवेशमा कसरी अगाडि बढाउने भनेर छलफल भइरहेको छ,' उनले भने, 'पदाधिकारी बोल्ने क्रम भोलि पनि जारी रहनेछ, समयमा नियमित अधिवेशन हुनुपर्छ भन्ने कुरा आएको छ, महासिरभित्रै सम्पूर्ण विधि प्रक्रिया पूरा गर्न सकिन्छ कि सकिँदैन भनेर छलफल भएको छ,' उनले भने।

डा महतले भदौ २४ गतेको जेन्जी आन्दोलनमा व्यक्तिका निजी सम्पत्ति, नेता तथा व्यवसायी, राष्ट्रिय सम्पत्तिमाथि आगजनी गर्नेलाई कारवाहीमा ल्याउनुपर्छ भन्ने कांग्रेसको धारणा रहेको बताए। उनले अराजकतालाई कारवाही नगर्दा पुँजी पलायन हुने खतरा बढेको उल्लेख गर्दै अराजकतालाई प्रोत्साहन गर्ने गरी गृह मन्त्रालयले सार्वजनिक गरेको घटनाप्रति असन्तुष्टि व्यक्त गरे।

'नेताहरूको घर जलाइएको छ, किसुनजीको आश्रम जलाइएको छ, लोकतान्त्रिक मूल्य–मान्यतालाई सिध्याउने षड्यन्त्र भइरहेको छ, यसमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ, आन्दोलनमा गोली चलाउनेको पहिचान गरेर कारवाह हुनुपर्छ,' उनले भने। उनले निर्वाचनका लागि कांग्रेस जहिले तत्पर रहेको भन्दै विश्वसनीय निर्वाचनका लागि सरकार गम्भीर नभएन संसद् पुनःस्थापनाको विकल्प हुन सक्ने धारणा राखे।

# सुन किन्नेको भीड करोडौँको कारोबार



मधेशदृष्टि
वीरगंज।
तिहार र छठ जस्ता पर्व एवम् विवाहको सिजन नजिकिँदै गर्दा सुनको मूल्य लगातार उकालो लागेसँगै वीरगंजको सुनचाँदी बजारमा चहलपहल र कारोबारमा उल्लेख्य वृद्धि भएको पाइएको छ।

सुनको मूल्य तोलामा तिहारअघि नै २ लाख ५० हजार रुपैयाँसम्म पुग्ने अनुमानसँगै उपभोक्तामा अग्रिम खरिदको होडबाजी देखिएको छ।

वीरगंजका सुनचाँदी पसलमा हाल दैनिक ४ देखि ५ करोड रुपैयाँको कारोबार भइरहेको स्थानीय व्यवसायी बताउँछन्। एक प्रमुख सुनचाँदी पसलका सञ्चालकका अनुसार, तिहार र विवाहको सिजनले मागमा वृद्धि भएको र सुनको मूल्य तिहारअघि नै २ लाख ५० हजार रुपैयाँसम्म पुग्ने अनुमान छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार, बिहीबार छापावाला सुनको मूल्य तोलामा २ लाख ३९ हजार २ सय रुपैयाँमा कारोबार भएको छ। मूल्यवृद्धिको पछाडि विश्व बजारमा सुनको मूल्यमा आएको उतारचढाव, नेपाली बजारमा मागको दबाब र आपूर्तिको कमी प्रमुख कारक रहेको विश्लेषण गरिएको छ।

भारतमा सुनको मूल्य तुलनात्मक रूपमा सस्तो भएकाले पछिल्लो समय वीरगंजको बजारमा अनधिकृत रूपमा सुन भित्रिने क्रम बढेको प्रहरी स्रोतले जनाएको छ। सीमा क्षेत्रमा निगरानी कडा पारिए पनि तस्करीको जोखिम कायमै छ। अवैध कारोबारले स्थानीय बजारमा सुनको मूल्यलाई थप अस्थिर बनाउन सक्ने र वैधानिक व्यवसायीहरूलाई चुनौती थप्ने व्यवसायीको भनाइ छ। तस्करीले बजारमा कृत्रिम अभावको जोखिम बढेको कारण उपभोक्तालाई थप मूल्यवृद्धिको मारमा पार्न सक्छ।

बजारमा सुनको माग उच्च भए पनि आपूर्ति सीमित छ। व्यवसायीका अनुसार, असन्तुलनले मूल्यवृद्धिलाई थप बल पुऱ्याएको छ। तिहार नजिकिँदै गर्दा बजारमा कृत्रिम अभाव सिर्जना हुने सम्भावनाप्रति व्यवसायीहरूले सचेत रहन आग्रह गरेका छन्। केही व्यवसायीले माग र आपूर्तिको खाडललाई उपयोग गर्दै मूल्यमा हेरफेर गर्न सक्ने सम्भावना रहेको विश्लेषकको अनुमान छ। यस्तो अवस्थामा उपभोक्तालाई गुणस्तरीय र विश्वसनीय पसलबाट मात्र खरिद गर्न सुझाव दिइएको छ।

वीरगंजको सुनचाँदी बजारको उछालले स्थानीय अर्थतन्त्रमा सकारात्मक र नकारात्मक दुवै प्रभाव देखाएको छ। एकातिर, कारोबारको वृद्धिले व्यवसायीको व्यापार फस्टाएको छ भने अर्कोतिर मूल्यवृद्धि र तस्करीको जोखिमले उपभोक्तामा अनिश्चितता बढाएको छ। सुनको मूल्यमा आएको उछालले विशेषगरी मध्यम वर्गीय र न्यून आय भएका परिवारलाई विवाह र तिहारजस्ता सांस्कृतिक अवसरमा सुन खरिद गर्न आर्थिक दबाब सिर्जना गरेको छ। सीमापार तस्करीको मुद्दाले बजारको पारदर्शिता र नियमनको आवश्यकतालाई उजागर गरेको छ।

# बालेन रक्षात्मक, निकोलस गँजडी





मधेशदृष्टि
काठमाडौं।
काठमाडौं महानगरपालिकाका नगर प्रमुख बालेन्द्र (बालेन) शाह पछिल्लो समय आक्रामक बन्न सकेका छैनन्। बरु उनी विस्तारै अरु झैं आलोचनामुक्त बन्न नसकेर रक्षात्मक बन्नुपर्ने हो कि भन्ने अवस्थामा पुगेको पाइएको छ।

नगर प्रमुखमा निर्वाचित भएदेखि नै बेफिक्री सामाजिक सञ्जालमा लेख्दै र बोल्दै आइरहेका बालेन सञ्चारगृह, भिडभाड र औपचारिक कार्यक्रमबाट पनि टाढा रहन्थे।

यसैलाई उनले आफू लोकप्रिय बनने अस्त्र बनाए। तर अहिले उनविरुद्ध देशैभर उजुरीको चाङ बढ्न थालेपछि भने उनी रक्षात्मक अवस्थामा पुगेका छन्। उनी जवाफदेही नभएको विषय पनि उठेपछि सिंहदरबार जलेको विषयमा त उनले ढिलै भए पनि जवाफ दिनु परेको छ। बालेनको सुरुवाती 'चार्म' र सामाजिक सञ्जालमा बलियो उपस्थितिले उनलाई लामो समयसम्म आलोचनाबाट जोगाएको थियो।

पछिल्लो समयमा बढ्दै गएका प्रश्नहरुले उनलाई आफ्नो कार्यशैली परिवर्तन गर्न बाध्य बनाएको देखिन्छ।

यता, आफूलाई अभियन्ता र देशको प्रधानमन्त्रीकै दावेदारको रूपमा प्रस्तुत गर्दै आएका डा निकोलश भुसालको स्वास्थ्य जाँच हुँदा लागु औषध गाँजा सेवन गरेको पुष्टि भएको छ। बिहीबार राजधानीको माइतीघरमा भएको प्रदर्शनका क्रममा पक्राउ परेका उनको स्वास्थ्य जाँच गर्दा लागु औषध गाँजा सेवन गरेको पुष्टि भएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवन कुमार भट्टराईले जानकारी दिए।

उनले लागु औषध सेवन गरेको पुष्टि भएसँगै सुधार गृहमा राख्ने सर्तमा दाइको जिम्मामा रिहा गरिएको भट्टराईले बताए। बिहीबार माइतीघरबाट पक्राउ परेका उनीसहित सबै ४४ जनालाई रिहा गरिएको छ।

## जसपाका प्रदेश अध्यक्ष यादव धरौटीमा रिहा



मधेशदृष्टि
सर्लाही।
जनता समाजवादी पार्टी (जसपा) का मधेश प्रदेश अध्यक्ष तथा पूर्व प्रदेशसभा सदस्य अशोककुमार यादव धरौटीमा रिहा भएका छन्।

उनलाई बिहीबार सर्लाही जिल्ला अदालतमा एक लाख ६० हजार रुपैयाँ धरौटीमा रिहा गरिएको छ।

यादव रिहा भएपछि कार्यकर्ता तथा समर्थकले फूलमालाले स्वागत गरेको थियो।

# दशैँका अवसरमा प्रदर्शन भएका तीन चलचित्रको व्यापार




**काठमाडौँ ।**
दशैँको अवसर पारेर फूलपाती अर्थात् यही असोज १३ गतेदेखि तीन चलचित्र 'हरिबहादुरको जुत्ता', 'माइतीघर' र 'बलिदान' नेपालभर प्रदर्शनमा आएका छन् । दशैँको बिदा भए पनि तीन वटै चलचित्रले घरेलु बजारमा अपेक्षाकृत व्यापार भने गर्न सकेका छैनन् ।

चलचित्र विकास बोर्डको 'बक्सअफिस २ सिनेमा' एपमा चलचित्र 'बलिदान' ले असोज २० गते राती ११ बजेर ५५ मिनेटसम्म तीन करोड ७५ लाख ५३ हजार २५१ रुपैयाँ व्यापार (ग्रस कलेक्सन) गरेको तथ्याङ्क छ । उक्त चलचित्रले एक लाख ११ हजार ५६१ टिकट बिक्री भएवापत उक्त व्यापार गरेको हो । सन्तोष सेनको निर्देशनमा तयार भएको चलचित्र 'बलिदान' मा समीर भट्ट, सौगात मल्ल, अर्पण थापा, ऋचा शर्मालगायत कलाकारले अभिनय गरेका छन । यस्तै अभिनेता हरिवंश आचार्यले शीर्ष भूमिका निर्वाह गरेका चलचित्र 'हरिबहादुरको जुत्ता' ले तीन करोड २१ लाख ७० हजार १६० व्यापार रुपैयाँ (ग्रस कलेक्सन) गरेको छ । यसका ९० हजार ९४७ टिकट बिक्री भएका छन् । दीपेन्द्रकुमार खनालको निर्देशनमा तयार भएको चलचित्र 'हरिबहादुरको जुत्ता' मा अभिनेता आचार्यसँगै स्वस्तिमा खड्का, प्रकाश सपुत, प्रियङ्का कार्की, हरिहर शर्मा, दिव्य देव, किरण केसी, राजाराम पौडेललगायतका कलाकारले अभिनय गरेका छन ।

फूलपातीकै अवसरमा प्रदर्शन भएको चलचित्र 'माइतीघर' ले सबैभन्दा कम दुई करोड १३ लाख ६४ हजार ६१२ व्यापार रुपैयाँ (ग्रस कलेक्सन) गरेको तथ्याङ्क चलचल विकास बोर्डको 'बक्सअफिस २ सिनेमा' एपमा छ ।

उक्त चलचित्रको ६८ हजार ३२ टिकट बिक्री भएवापत सो व्यापार भएको हो । रोहित अधिकारीले निर्माण तथा मिलन तामाङले निर्देशन गर्नुभएको यस चलचित्रमा केदार घिमिरे, उपासना सिंह ठकुरी, धीरज मगर, प्रकाश सपुतलगायत कलाकारले अभिनय गरेका छन ।

पछिल्ला वर्षमा दशैँमा नेपाली चलचित्रको व्यापार राम्रो भएको पाइएपछि यो दशैँमा तीन चलचित्रले प्रदर्शन मिति तय गरेका हुन् । बिदाको समयमा चलचित्रले राम्रो प्रतिक्रिया पाएमा त्यसको व्यापार बढ्ने अपेक्षाले चाडपर्व केन्द्रित प्रदर्शन हुनेक्रम बढेको चलचित्रकर्मीको भनाइ छ । यद्यपि व्यापारको तथ्याङ्क हेर्दा अघिल्लो दशैँको तुलनामा यसपटक चलचित्रहरूको व्यापार उत्साहजन हुनसकेको छैन ।

# सर्पदंशबाट महिलाको मृत्यु

**सर्लाही ।**
कौडेना गाउँपालिका–२ फूलपरासीमा सर्पले डसेर एक महिलाको मृत्यु भएको छ । गोमन सर्पको डसाइपछि समयमा अस्पताल नपुग्दा स्थानीय एक महिलाको ज्यान गएको प्रहरीले जनाएको छ ।

स्थानीय रवीन्द्र यादवकी श्रीमती ४२ वर्षीया नयनदेवी यादवलाई बुधवार दिउँसो गोमन सर्पले डसेको थियो । सर्पले डसेपछि परिवारका सदस्यले उनलाई नजिकैको विषहरा बाबा मन्दिरमा झारफुकका लागि लगेका थिए ।तर, अवस्था गम्भीर भएपछि मात्रै उनलाई अस्पताल ल्याइएको थियो ।

परिवारका सदस्यहरूले नयनदेवीलाई पछि प्रादेशिक अस्पताल मलङ्वा पुऱ्याए, तर अस्पताल पुगेका बेला चिकित्सकहरूले उनलाई मृत घोषित गरे । अस्पतालका स्वास्थ्यकर्मीका अनुसार बिरामीको मृत्यु भइसकेकाले सर्पदंशविरुद्धको एन्टीस्नेक भेनम चढाउन सम्भव भएन । प्रादेशिक अस्पतालले मृत घोषणा गरेपछि पनि परिवारले उनलाई नवलपुरस्थित सर्पदंश उपचार केन्द्रमा पुऱ्याएका थिए । उपचार केन्द्रका इन्चार्ज तथा स्वास्थ्यकर्मी जगर्नाथ यादवका अनुसार बिरामीको मृत्यु भइसकेकाले शव घर लैजान सुझाव दिइएको थियो ।

# बाढीका कारण सुनसरीमा तरकारीखेतीमा क्षति



**सुनसरी ।**
अविरल वर्षा र बाढीका कारण सुनसरीमा मौसमी तथा बेमौसमी तरकारीखेतीमा ठूलो क्षति पुगेको छ । गत असोज १७ गतेदेखि सुरु भएको अविरल वर्षासँगै आएको बाढीका कारण जिल्लाका किसानहरूले लगाएका बालीहरू डुबानमा परेका हुन् ।

बाढीका कारण बराहक्षेत्र नगरपालिका–१ ढोलबजियामा रहेको 'सुन्दर कृषि फार्म'को तरकारी खेतीमा पूर्ण रुपमा क्षति पुगेको छ । वैदेशिक रोजगारीबाट फर्किएका तीन जना युवाले २०७४ सालदेखि उक्त फार्म सञ्चालन गर्दै आएका थिए । फार्म सञ्चालक अमिर निरौलाका अनुसार बाढीले फार्मका सबै तरकारीखेती डुबानमा परेर पूर्णरूपमा नष्ट भएको छ ।

उनले भने, 'पानीले टनेल र मल्चिङ सबै डुबायो । दुई बिघाभन्दा बढी क्षेत्रफलमा लगाइएको टमाटर सबै डुबानमा पर्यो । साथै, करेला, बैगुन, क्यापसिकम, काँक्रा, बोडी, फर्सी, घिरौंलालगायतका सबै बाली बाढीबाट नष्ट भएको छ ।'

अमिर निरौला र रघुवीर चन्द्रवंशी दक्षिण कोरियामा र छविलाल चौधरी अफगानिस्तानमा काम गरेर फर्किएपछि डेढ बिघा जग्गाबाट छ लाख रुपैयाँको लगानीमा तरकारीखेती सुरु गरेका थिए । अहिले उनिहरुले करिब २० बिघा क्षेत्रफलमा काँक्रा, टमाटर, क्यापसिकम, बोडी, करेला, लौका, कोभीलगायतका तरकारीखेती गर्दै आएका छन । निरौलाका अनुसार मल्चिङ, बिरुवा र बिउमा गरिएको १४ लाख रुपैयभन्दा बढीको लगानी खेर गएको छ ।

कृषक छविलाल चौधरीका अनुसार गत वर्ष मात्रै तरकारीखेतीबाट रु एक करोड रुपैयाँभन्दा बढीको कारोबार गथरिएको थियो ।

कृषि ज्ञान केन्द्र सुनसरीका सूचना अधिकृत प्रविणलाल श्रेष्ठका अनुसार बाढी र अविरल वर्षाले जिल्लाभरका तरकारी बालीमा ठूलो क्षति पुऱ्याएको छ ।

उनले भने, 'सुनसरीमा करिब आठ हजार १५३ हेक्टरमा तरकारीखेती हुने गरेको छ, जसमा हालैको बाढीले करिब ९५ प्रतिशतमा क्षति पुगेको छ । त्यस्तै, ५१० हेक्टरमा गरिएको केराखेतीमध्ये ८० प्रतिशत र ४८ हजार १ हेक्टरमा गरिएको धान खेतीमध्ये ४८ प्रतिशतमा क्षति पुगेको छ ।

विशेष गरी सुनसरीका देवानगञ्ज, भोक्राहा, इनरुवा, हरिनगर र कोशी गाउँपालिकामा बढी क्षति पुगेको छ । श्रेष्ठले भने, 'क्षति विवरण सङ्कलन भइरहेको छ । सबै पालिकालाई विवरण पठाउन पत्र पठाइसकेका छौँ ।'रासस

# कार्तिक कृष्ण प्रतिपदाः हाँडीगाउँमा जात्रा हेर्नेको लर्को



**काठमाडौँ ।**
'कहीँ नभएको जात्रा, हाँडीगाउँमा' भन्ने उखान नेपाली जनजिब्रोमा प्रचलित छ । यही अर्थात् चोक्काथुनारायणको जात्रा हेर्न यतिबेला हाँडीगाउँ क्षेत्रमा दर्शकको घुइँचो छ ।

काठमाडौँ महानगरपालिका–५ स्थित हाँडीगाउँ क्षेत्रमा प्रदर्शन गरिने यो जात्रा हेर्न धेरै मानिस हाँडीगाउँ क्षेत्रमा जम्मा भएका छन् । प्रत्येक वर्ष कोजाग्रत पूर्णिमापछि गरिने यो जात्रा यस क्षेत्रको प्राचीन मौलिक संस्कृतिका रुपमा मानिँदै आएको छ । यो जात्रालाई तीननारायण एवं 'कहीँ नभएको जात्रा हाँडीगाउँमा' समेत भनिन्छ । देशका अन्य स्थानमा हुने जात्रा खटको गजुर उल्टो नपारी गरिने र यहाँको नारायण जात्रा भने उल्टो पारेर गरिने भएकाले कहीँ नभएको जात्रा भन्ने गरिएको हो ।

चोकेटनारायण समेत भनिने चोक्काथुनारायणको नाममा गुठी जग्गा समेत राखी जात्रा चलाउने व्यवस्था गरिएको थियो । गुठी संस्थानको लगतमा चोक्काथुनारायण एवं तीननारायणका नाममा गुठी जग्गा राखिएको उल्लेख छ ।

मन्दिरको ढोकामा रहेको नेवारी भाषाको अभिलेख अनुसार राजा नरेन्द्र मल्लको पालादेखि यो जात्रा सुरु भएको हो । चोक्काथुनारायणको मन्दिर बुढानीलकण्ठबाट ल्याई यहाँ स्थापना गरिएको 'हाँडीगाउँः एक परिक्रमा' पुस्तकका लेखक एवं यस क्षेत्रको सांस्कृतिक परम्पराका बारेमा अध्ययन गरिरहनुभएका यज्ञनाथ आचार्यले जानकारी दिए ।

जात्रा सुरु भएका सम्बन्धमा एउटा किम्बदन्ती प्रचलित छ । जनश्रुतिअनुसार मध्यकालमा हाँडीगाउँमा दुई दिदीबहिनी थिए । दिदी भगवान्प्रति पूर्णरूपमा आस्था राख्थिन् भने बहिनी घमण्डी हुनुका साथ भगवान्प्रति पनि उनको आस्था थिएन । विवाहपछि दुवै दिदीबहिनी गर्भवती भए । दिदीले समयमै बच्चा जन्माइन् । बहिनीको गर्भ रहेको बाह्र वर्षसम्म पनि बच्चा जन्मिएन । बहिनीले श्रीमान्सहित नारायणको आराधना गरिन् । सपनामा बुढानीलकण्ठ नजिकको पहाडमा रहेको नारायणको मूर्ति ल्याई उल्टो छाताकारका तीन खटको जात्रा चलाउनु तब तिमीहरूको उद्धार हुनेछ भन्ने आज्ञा प्राप्त भयो । गर्भ रहेको बाह्र वर्षसम्म बच्चा नजन्मिएको दम्पतीले त्यसबेलाका राजा नरेन्द्र मल्लसँग गुहार मागे । राजआज्ञा बमोजिम तान्त्रिकहरु धिमे बाजा बजाई रङ्गी बिरङ्गी लुगा लगाएर बुढानीलकण्ठ नजिकको पहाडमा गए ।

मैनको फूल चढाई नारायणको आराधना गरे । चोक्काथुनारायण (तीननारायण) जात्राको परम्परा चलाउने वचन दिए । नारायणलाई हाँडीगाउँ ल्याई यहाँका जनतालाई पर्ने दुःख तथा पीडालाई अन्त गर्न भनी चोक्काथुनारायण (तीननारायण) मन्दिर स्थापना गरे । यसै बेलादेखि जात्राको पनि सुरुआत भयो ।

मन्दिर स्थापना भएपछि प्रसव वेदनाको समयमा नारायणको मूर्तिमा तेल लगाउँदा वा जात्राको समयमा प्रयोग हुने मैनको फूल सिरानीमा राख्दाले वेदना कम हुने गरेको स्थानीयवासीको अनुभव छ । नारायणको शिरमा तेल खन्याउँदा दायाँतर्फबाट तेल खसे छोरा र बायाँतर्फबाट तेल खसे छोरीको जन्म हुन्छ भन्ने धारणा अहिले पनि रहेको सांस्कृतिक अन्वेषक आचार्यले सुनाए ।

नारायणको जात्रा कमलासनको तीन खट (बाबु, आमा, छोरा) बनाई खटको गजुरलाई उल्टो पारी घुसारेर तीन टोल घुमाई गजुर घुसारेको स्थानमा पूजा गरिन्छ । यो जात्रामा पाँच जनाले धिमेबाजा बजाउनुपर्ने र ३० जनाले खट बोक्नुपर्ने प्रचलन छ । जात्रा हेर्न हाँडीगाउँ क्षेत्रका सबै गुठियार जम्मा हुनुपर्ने नियम रहेको जनाइएको छ ।रासस

# जङ्गली हात्तीको समूह चितवन निकुञ्जमा

**चितवन ।**
चितवन राष्ट्रिय निकुञ्जमा जङ्गली हात्तीको समूह आउन थालेको छ । पूर्वी नेपाल, चुरे क्षेत्र हुँदै समूहमा हात्तीहरु आउन थालेका हुन् । निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसर अघिल्ला वर्षमा कात्तिकको अन्तिम सातामा आउने गरेको भए पनि यस वर्ष केही छिटो जङ्गली हात्तीका समूह निकुञ्ज प्रवेश गरेका हुन् । उनले भने, 'चितवन राष्ट्रिय निकुञ्जमा अहिले तीन÷चार वटा समूह आएको पाइएको छ ।' ८–१० वटाको समूहमा हात्ती आउने गरेका उनले बताए ।

निकुञ्जमा जङ्गली हात्ती विभिन्न क्षेत्रबाट आएकाले निकुञ्ज आसपास बसोबास गर्ने जनतालाई सतर्कता अपनाउन सूचना अधिकारी थापामगरले आग्रह गरे । यसरी समूहमा आएका हात्तीले धानबाली नष्ट गर्ने, घर टहरा भत्काउनेजस्ता कार्य गर्ने भएकाले रातको समयमा एक्लै नहिँड्न उनले आग्रह गरे । रातको समयमा सकेसम्म बाहिर नहिँड्न र हिँड्नै परे समूहमा टाढासम्म उज्यालोमा हिँड्न उनले आग्रह गरे ।

जङ्गली हात्ती आएमा नजिकको सुरक्षा निकाय वा निकुञ्जमा खबर गर्न सूचना अधिकारी थापामगरले आग्रह गरे । जङ्गली हात्तीलाई तर्साउन खोज्दा धनजनको क्षति हुनसक्ने उनको भनाइ थियो । निकुञ्जले हात्तीले दुर्घटना निम्त्याउन सक्ने भन्दै नेपाली सेनासहितको द्रुत प्रतिकार्य समूह (रेपिड रेस्पोन्स टिम) तयार गरेको छ । मानवीय क्षति हुनसक्ने अवस्था आएमा हवाई फायरसम्म गर्नसक्ने गरी टोली तयार गरिएको उनले जानकारी दिए ।

# जेन्जी आन्दोलनमा जले त्रिविका ६५२ विद्यार्थीको उत्तरपुस्तिका, पुनः परीक्षा हुने

**काठमाडौँ ।**
भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा त्रिभुवन विश्वविद्यालयका ६५२ विद्यार्थीका उत्तरपुस्तिका जलेका छन् । परीक्षा नियन्त्रण कार्यालय बल्खुका अनुसार ती उत्तरपुस्तिका स्नातक तह दोस्रो वर्षको आंशिक तथा मौका परीक्षाका हुन् ।

परीक्षा नियन्त्रक सूर्यकान्त कलौनीका अनुसार जलेका उत्तरपुस्तिकाहरु तीन परीक्षा केन्द्रका हुन् । उनका अनुसार उत्तरपुस्तिका प्रहरी चौकीमा राखिएको थियो, तर आन्दोलनका क्रममा चौकीमा आगजनी हुँदा ती समेत जलेका हुन् । कलौनीले उत्तरपुस्तिका नष्ट भएको कारण प्रभावित विद्यार्थीहरूको पुनः परीक्षा सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिए । 'उत्तरपुस्तिका जलेका कारण पुनः परीक्षाको सूचना छिट्टै जारी गर्दैछौँ,' उनले भने ।

आन्दोलनका कारण विद्यार्थीहरूको शैक्षिक क्षति न्यून पार्न त्रिविले आवश्यक समन्वय गरिरहेको पनि परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ ।


**कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना**

(प्रकाशित मिति २०८२/०६/२४ गते)

[illegible]

ऋणी संस्थाको नाम : श्री कुबेर कृषि सहकारी संस्था लि. दर्ता नं. १६८८/२०७२/०७३
रजिष्टर्ड ठेगाना : जनकपुर उ.म.न.पा.-०७ धनुषा । हालको ठेगाना : जनकपुरधाम उ.म.न.पा.-२१ धनुषा

संचालक तथा जमानीकर्ताको विवरण

| | |
|---|---|
| १) नाम : रेणु देवी (अध्यक्ष जमानीकर्ता) | ५) नाम : भरत कुमार साह (सदस्य जमानीकर्ता) |
| २) नाम : राम दास (उपाध्यक्ष जमानीकर्ता) | ६) नाम : अनिल साह (सदस्य) |
| ३) नाम : बाबु साहु तेली (कोषाध्यक्ष जमानीकर्ता) | ७) नाम : मुन्ना सिंह (सदस्य) |
| ४) नाम : महेश कुमार साह (सचिव जमानीकर्ता) | |

धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :
[illegible]

National Co-operative Bank Limited (NCBL)
राष्ट्रिय सहकारी बैंक लिमिटेड

# मतदाता नामावली सङ्कलन गराउनेको भिड



मधेशदृष्टि
जनकपुरधाम ।
सरकारले प्रतिनिधि सभाको नयाँ निर्वाचनका लागि मिति घोषणा गरेसँगै मतदाता नामावलीमा नाम समावेश गराउन निर्वाचन कार्यालयमा सर्वसाधारणको भिड बढेको छ । निर्वाचन घोषणा लगत्तै निर्वाचन आयोगले नयाँ मतदाताको नामावली सङ्कलनका लागि आह्वान गरेपछि अहिले जिल्ला तथा प्रदेश निर्वाचन कार्यालयमा फारम भर्ने तथा फोटो खिचाउने, नयाँ मतदाता नामावलीमा नाम समावेश गराउनेको भिड बढेको हो ।

फागुन २१ गते प्रतिनिधि सभाका लागि निर्वाचनको मिति तोकेर निर्वाचन सम्बन्धि गतिविधि बढाएपछि अहिले निर्वाचनमा मतदान गर्नका लागि विवरण दिने तथा फोटो खिचाउनेको भिड बढेको मधेश प्रदेशको निर्वाचन कार्यालय जनकपुरधामले जनाएको छ । १६ वर्ष पूरा भई नेपाली नागरिकता प्राप्त गरेका नेपाली नागरिकले मतदाता नामावलीमा नाम समावेश गर्नका लागि फोटोसहितको विवरण नेपालको जुनसुकै निर्वाचन कार्यालयमा पुगेर भर्न दिन मिल्ने भएकाले मधेश प्रदेश कार्यालय जनकपुरधाममा भिड बढेको कार्यालयका कम्प्युटर अधिकृत कृष्णचन्द्र राउतले जानकारी दिए ।

अगामी निर्वाचनमा मतदान गर्न २०८२ साल फागुन २० गतेसम्ममा १८ वर्ष पूरा भएको हुनुपर्ने संवैधानिक व्यवस्था छ । जेन्जी पुस्ताको आन्दोलनपछि फागुन २१ गते हुनलागेको प्रतिनिधि सभाको निर्वाचनमा भाग लिनका लागि युवा पङ्क्तिहरु बढी अग्रसर देखिएका छन् । निर्वाचन आयोगको जनकपुरधामस्थित मधेश प्रदेश कार्यालयमा दैनिक रुपमा २ सय भन्दा बढी व्यक्ति फोटो खिच्न आउन थालेको कार्यालयले जनाएको छ । दशैंको बिदापछि कार्यालय खुलेको पहिलो दिनमा नै ८५ जनाले फोटो खिचाएका छन् भने अर्को दिनदेखि संख्या बढ्न थालेको छ । हिजो मात्र २ सय भन्दा बढीले फोटो खिचाएका छन् । अनलाइनबाट आफै विवरण भरेर फोटो खिचाउन मिल्ने पनि कार्यालयले जनाएको छ । अहिले मतदाता नामावली सङ्कलनका लागि दुई ठाउँबाट फोटो खिच्ने कार्य भइरहेको र अहिलेको अनुपातमा भिड बढेपछि जनशक्ति र कम्प्युटर थप गरी काम गर्ने निर्वाचन कार्यालय मधेश प्रदेशले जनाएको छ । नयाँ मतदाता बन्नका लागि युवा तथा युवतिहरुमा अत्यधिक उत्साह देखिएको छ ।

# सगरमाथा चौधरी आँखा अस्पताललाई 'मेडिकल टुरिज्म'को हब बनाउन सुझाव

सिरहा ।
विश्व दृष्टि दिवसको अवसरमा नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित सगरमाथा चौधरी आँखा अस्पताल, लहानद्वारा बिहीबार जिल्लामा कार्यरत सुरक्षा निकायका कर्मचारीहरूका लागि विशेष आँखा जाँच तथा चस्मा वितरण कार्यक्रम गरेको छ ।

कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धन विभाग र ट्राफिक प्रहरीका सुरक्षाकर्मीको सहभागी रहेको थियो । स्वास्थ्य सेवाको पहुँच बढाउने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा करिब सयभन्दा बढी सुरक्षाकर्मीको आँखा परीक्षण तथा आवश्यक परे




चस्मा वितरण गरिने अस्पतालका वरिष्ठ प्रबन्धक अभिषेक रोशनले जानकारी दिए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी, सशस्त्र प्रहरी बल सिरहाका उपरीक्षक नरेश भण्डारी तथा अन्य सुरक्षाकर्मीहरुको उपस्थिति रहेको थियो । प्रजिअ अधिकारीले सगरमाथा चौधरी आँखा अस्पतालले स्वदेशी तथा विदेशी बिरामीको सफल उपचार गरी राष्ट्रको गौरव बढाएको बताए । उनले अस्पतालले आगामी सय वर्षलाई लक्षित गर्दै दीर्घकालीन योजना बनाएर 'मेडिकल टुरिज्म'को हब बनाउनु पर्नेमा जोड दिए ।कार्यक्रममा अस्पतालका वरिष्ठ प्रबन्धक रोशनले अस्पतालद्वारा प्रदान गर्दिदै आएको सेवा र विस्तार योजनाको बारेमा जानकारी गराउनुभएको थियो । सगरमाथा चौधरी आँखा अस्पतालले यस्ता सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरुलाई आगामी दिनमा अझ प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ ।

# करेन्ट लागेर मृत्यु



सप्तरी ।
सप्तरीमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सप्तकोशी नगरपालिका–१ का २८ वर्षीय दिपेश परियार रहेका छन् । आफ्नै घरमा रहेको कलमा जडित विद्युतीय मोटरबाट करेन्ट लाग्दा उनी गम्भीर घाइते भएका थिए । उनको उपचारको क्रममा स्थानीय नगर अस्पताल कञ्चनपुरमा मृत्यु भएको प्रहरीले जनाएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# दुई महिनामा साढे छ करोड भन्सार छलीका समान बरामद

वीरगंज ।
सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले चालु आर्थिक वर्षको दुई महिनामा भन्सार छलीका छ करोड ६८ लाख ८१ हजार रुपैयाँ मूल्य पर्ने विभिन्न थरिका सामान बरामद गरेको छ । सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरीले साउन र भदौ महिनामा भन्सार छली गरेर भित्रिएका चार करोड ३३ लाख ५७ हजार पाँच सय ६८ रुपैयाँ मूल्य पर्ने सामान वीरगंज भन्सार कार्यालयमा दाखिला गरेको छ ।

त्यस्तै साउन र भदौ महिनामा बिलविजकभन्दा बढी सामान भएका दुई करोड ३५ लाख २३ हजार पाँच सय ८२ रुपैयाँ मूल्य पर्ने सामान पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयमा बुझाएको छ ।

जबकि सशस्त्र प्रहरीले आव २०८१–८२ को साउन र भदौ महिनामा भने भन्सार छली गरेका सात करोड १० लाख २१ हजार आठ सय ६१ रुपैयाँ मूल्य पर्ने सामान वीरगंज भन्सार कार्यालयमा दाखिला गरेको थियो । त्यस्तै गत आवको दुई महिनामा एक करोड ९२ लाख ५३ हजार छ सय ८७ रुपैयाँ मूल्य पर्ने बिलविजकभन्दा बढी भएका सामान भने पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयमा बुझाएको छ ।

सशस्त्र प्रहरी बल पर्साका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले सशस्त्र प्रहरीले सीमा क्षेत्रमा कडाई गरेसँगै भन्सार छली तथा बिलविजकभन्दा बढीका सामान बरामद हुने क्रममा केही कमी आएको बताए । 'सशस्त्र प्रहरीले सीमा क्षेत्रमा कडाइ गरेसँगै वीरगंज भन्सारको राजस्व सङ्कलनमा उल्लेखनीय वृद्धि भएको छ,' उनले भने, 'भन्सार छलीका सामान धेरै भित्रिँदा भने राजस्व सङ्कलनमा कमी हुने गर्दछ ।'

गणपति भट्टले पर्साको सीमावर्ती क्षेत्रमा हुनसक्ने सम्भावित अवैध चोरी पैठारी र निकासी नियन्त्रणका लागि आवश्यक काम गर्दै आइरहेको बताए । वीरगंज भन्सार कार्यालयले चालु आवको दुई महिनामा ३९ अर्ब १५ करोड राजस्व सङ्कलन गरेको छ ।

# गुडिरहेको बसबाट खसेर मृत्यु

सिरहा ।
धनगढीमाई नगरपालिका–९ स्थित जिरोमाइल नजिकै बिहीबार बिहान गुडिरहेको बसबाट खसेर सहचालकको मृत्यु भएको छ । पुर्व–पश्चिम राजमार्गमा विराटनगरबाट जनकपुरधामतर्फ जाँदै गरेको ना ७ ख २६५ नं को यातुबाहक बसबाट खसेर लहान नगरपालिका–१ निवासी २१ वर्षीय सहचालक पवनकुमार यादव गम्भीर घाइते भएका थिए ।

जिल्ला प्रहरी कार्यालयका सुचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रमेश पालका अनुसार बसको पछाडिको चक्काले किचिएर गम्भीर घाइते भएका सहचालक यादवलाई तत्काल उपचारका लागि लहानस्थित प्रादेशिक अस्पताल पुर्‍याइएको थियो । तर, मध्यान्ह १२ बजे चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए ।

घटनालगत्तै इलाका प्रहरी कार्यालय धनगढीबाट प्रहरी नायब निरीक्षक दिलीपकुमार सिंहको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा पुगेको थियो । बसका चालक ४० वर्षीय लक्ष्मी महतोलाई तत्काल नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक पालले जानकारी दिए ।

# दृष्टि दिवसमा विविध कार्यक्रम




मधेशदृष्टि
वीरगंज ।
विश्व दृष्टि दिवसका अवसरमा वीरगंजमा आयोजित निःशुल्क आँखा परीक्षण शिविरबाट ६८ जना सशस्त्र प्रहरी लाभान्वित भएका छन् । नेपाल नेत्र ज्योति संघ पर्साको आयोजनामा वीरगंजस्थित सशस्त्र प्रहरी बल १३ नम्बर गणमा आयोजित शिविरमा ६८ जना सशस्त्र प्रहरीको आँखा परीक्षण गरी चश्मा र औषधी वितरण गरिएको संघका सदस्य राजन श्रीवास्तवले जानकारी दिए । संघका सभापति भगवती चौधरीको अध्यक्षतामा आयोजित शिविरमा पर्साका सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द भट्टले आफ्नो आँखा परीक्षण गराई शिविर शुभारम्भ गरेका थिए । शिविरमा संघका उपाध्यक्ष मदन प्रसाद गुप्ता, सचिव सीताराम उपाध्याय, कोषाध्यक्ष दीपिका श्रेष्ठ, महन्थ प्रसाद यादव, गणेश साह, उमेश गुप्ता, सुनिता नेपाल, समित कर्ण, बसन्त गुप्ता लगायतकाको उपस्थिति थियो ।

यस्तै, विश्व दृष्टि दिवसका अवसरमा वीरगंजको आदर्शनगरस्थित ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रले आयोजना गरेको निःशुल्क आँखा परीक्षण शिविरमा १ सय ५० जनाको आँखा चेकजाँच गरिएको छ । 'आफ्नो आँखालाई माया गरौं' भन्ने नारासहित बिहीबार आयोजित शिविरमा किरण आँखा अस्पतालका विशेषज्ञ चिकित्सक टोलीले शिविरमा आएकाको आँखा परीक्षण गरेका हुन् । शिविरमा आँखा परीक्षण गराएकालाई चिकित्सकले मोबाइल र कम्प्युटरको अत्यधिक प्रयोगले आँखा दृष्टिमा पर्ने असरबारे सचेत रहन सुझाएका थिए ।

विश्व दृष्टि दिवसको अवसरमा केडिया आँखा अस्पताल परवानीपुरले पनि निःशुल्क आँखा शिविर गरेको छ । पर्सा जिल्लाको छिपहरमाई गाउँपालिका वडा नम्बर ५ भिस्वामा रहेको केडिया आँखा उपचार केन्द्र भिस्वामा शिविर भएको हो ।

निःशुल्क आँखा शिविरमा डाक्टर सन्तोष साहले चेकजाँचक्रममा जटिल समस्या भएकालाई केडिया आँखा अस्पताल परवानीपुरमा गई उपचार गराउँदा विशेष छुट दिने बताए ।

# क्षति विवरण संकलन नभएको आरोप

छट्टु साह
वीरगंज ।
पर्साको पालिकाहरुले कृषकहरुको क्षतिको विवरण संकलन नगरेको पर्साका कृषकहरुले आरोप लगाएका छन् । एक हप्ताअघि परेको अविरल वर्षाका कारण सैयौं बिघामा लगाइएको धानबालीमा क्षति भएको भए पनि जनप्रतिनिधि तथा कर्मचारीले चासो नदेखाएको स्थानीय कृषकहरु गुनासो गर्छन् ।

केही दिनअघि शुक्रवार आएको बाढीले धानमा क्षति हुनुका साथै फुसको घर, टिनाको छानोमा समेत नोक्सानी पुगेको छ । उता, छिपहरमाई गाउँपालिकाको ओरिया खोलाको बाढीले गाउँपालिकाका कृषक तथा सिक्टा नदीमा आएको बाढीले कालिकामाई गाउँपालिका र पकहामैनपुर गाउपालिकाका कृषकको बालीनाली तथा दर्जनौं घरमा क्षति भएको छ ।

बाढी र हावापानीले छिपहरमाईको भिस्वा, जयमंगलापुर, टिहुकी, वर्वा बनजारी, चेरगाहा र मिर्जापुर बढी प्रभावित भएको छ भन्ने यता सिक्टा नदीमा आएको बाढीले कालिकामाई गाउँपालिकाको वडा नम्बर १ मुडली टोलको केही भाग र सोही वडाको रविदासको पूर्ण भागमा क्षति भएको छ । वडा नम्बर २ भेडिहारीको टोल गदियानीको पश्चिमपट्टि रहेको खेतबारीमा लगाइएको धानबाली नष्ट हुनुका साथै धेरै धानबालीमा क्षति भएको छ । यता सिक्टा नदीको बाढीले पकहामैनपुर वडा नम्बर ५ सबैठवाको नेटुइयाटोला, लक्ष्मीपुर र गदियानी पोखरियाका दर्जनौं घर डुवान भई क्षति हुनुका साथै उखुबाली, धानबाली र सडकमा क्षति भएको पूर्व गाविस अध्यक्ष नसुरल्लाह मन्सुरले बताए । केही धानबाली तयारी अवस्थामा रहेको र पानी र बाढीले गर्दा नष्ट भएको स्थानीय कृषक महेन्द्र रामले बताए । सबैठवामा रहेको प्रहरीचौकीसमेत डुबानको चपेटामा परेको थियो । स्थानीय कृषकहरुका अनुसार अत्यधिक पानी र बाढीले पुऱ्याएको क्षति संकलन गर्न तथा समस्या बुझ्न स्थानीय सरकार र स्थानीय कर्मचारी नआएकाले सञ्चारमाध्यमबाट जानकारी गराउन बाध्य भएको उनीहरुले बताए ।

# तटबन्ध भत्किँदा करोडौँको माछा बगायो

महोत्तरी ।
यहाँको रातो नदीले तटबन्ध भत्काउँदा माछापालक किसानका करोडौं मूल्य बराबरको माछा बगाएको छ । जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकाका ८०० हेक्टर पोखरीमध्ये ४०० हेक्टर पोखरीमा बाढीको पानी पसेर अनुमानित १० करोड रुपैयाँ बढी मूल्य बराबरको माछा बगाएको माछापालकहरुको दावी छ ।

आइतबार र सोमबारको बाढीले सदरमुकाम जलेश्वर नगरपालिकासहित मटिहानी, बलवा, लोहारपट्टी, मनरासिश्वा नगरपालिका र एकडारा, महोत्तरी, पिपरा गाउँपालिकाको करिब दुई सयवटा पोखरीको करिब ३५ हजार क्वीन्टल माछा बगाएको माछापालक मनरासिश्वा–५ का रामसुदिश शरणले जानकारी दिए ।

तटबन्ध भत्किँदा रामविशेष शरण, सुशिलसहनी, भरत सहनी, जामुनमुखिया, सुनिल साह, शङ्कर साह, रञ्जीत शरण, फूलकुमारीदेवी, मरमानन्द मुखिया, ईनरजीत मुखियालगायतका दर्जनौं पोखरी डुबेको तथा करोडौं मूल्य बराबरको माछा बगाएको जलेश्वर नगरपालिका–१ का माछापालक शङ्कर साहले बताए । बैङ्कबाट कर्जा लिएर पालन गरेको माछा बाढीले बगाएपछि पीडितहरुले सरकारसँग अनुदान तथा क्षतिपूर्तिको माग गरेका छन् ।

# पर्सा र बारामा हैजाविरुद्धको खोप दिइने

मधेशदृष्टि
वीरगंज ।
पर्सा र बारामा हैजाविरुद्धको खोप अभियान सञ्चालन गरिने भएको छ । यी जिल्लामा फैलिएको हैजाको महामारी तथा हालैको वर्षापछि आएको बाढीले ती क्षेत्रमा सिर्जना गरेको उच्च जोखिमलाई ध्यानमा राखी खोप अभियान सञ्चालन गरिने भएको हो ।

भदौ ६ गते पर्साको वीरगंज महानगरपालिका–१२ को मुरली टोलबाट शुरु भएको हैजाबाट हालसम्म पर्सा र बारामा एक हजार ६ सय ८५ बिरामी भएका छन् । 'हैजा रोग विरुद्धको प्रतिकार्य खोप अभियान, २०८२'का बारेमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा परिवार कल्याण महाशाखाका निर्देशक डा विवेक लालले असोज–कात्तिक महिनामा खोप अभियान सञ्चालन हुने जानकारी गराए । अभियान पर्सामा असोज २६ गतेदेखि र बारामा असोज २९ गतेदेखि शुरु भई तिहारअघि सम्पन्न गर्ने महाशाखाको योजना छ । खोप अभियानकालागि स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाले १० लाख १८ हजार १०० मात्रा खोप पर्सा र बारामा पठाउने तयारी गरेको जनाएको छ ।

निर्देशक लालकाअनुसार यस अभियानमा एक वर्षभन्दा माथि उमेर समूहका सबैलाई खोप दिइने छ । प्रतिकार्य स्वरुप सञ्चालन गरिन लागेको हैजा विरुद्धको खोप यस अभियानमा एक पटक दिइनेछ । यो खोप मुखबाट खुवाइने खोप हो र यो सुरक्षित रहेको महाशाखाले जनाएको छ ।

यो खोप एक वर्षभन्दा माथिको उमेरका सबैले खानुपर्दछ । गर्भवती महिला र स्तनपान गराई रहने महिलालाई पनि यो खोप दिन सकिने जनाइएको छ ।

CamScanner

सम्पादकीय

# इलामलाई विपद् सङ्कटग्रस्त, मधेश अस्तव्यस्त

*सरकारले अविरल वर्षासँगैको बाढीपहिरोबाट प्रभावित इलाम जिल्लालाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ। सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले तीन महिनाका लागि इलामलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको हो । असोज १८ गतेदेखि परेको अविरल वर्षाका कारण गएको पहिरो र बाढीमा परी पूर्वी पहाडी जिल्ला इलाममा ३९ जनाको मृत्यु भएको थियो । घटनामा एक जना बेपत्ता र २६ घाइते भएका थिए । बाढी र पहिरोबाट इलामको सडक सञ्जालमा ठूलो क्षति पुगेको छ।*

*बैठकले जलविद्युत् आयोजना निर्माणका लागि स्रोत व्यवस्थापन गर्न २० अर्ब रुपैयाँ बराबरको ऊर्जा वण्ड चरणबद्ध रुपमा निष्काशन गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको छ । मन्त्रिपरिषद् बैठकले प्रहरी नायब महानिरीक्षकहरु सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी, हिमालयकुमार श्रेष्ठ र डम्बरबहादुर विश्वकर्मालाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरी पदस्थापन गर्ने निर्णय गरेको छ । बैठकले भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ बमोजिम गठन भएको भूमि समस्या समाधान आयोग र सबै जिल्लाका जिल्ला समिति खारेज गरेको छ । मन्त्रिपरिषद् बैठकले त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समिति २०८१ ले पेस गरेको प्रतिवेदन कार्यान्वयनका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाएको छ । अध्यागमन र भिजिट भिसाका सन्दर्भमा विगतदेखि देखिएका समस्या समाधान गर्न गठित उच्चस्तरीय अध्ययन एवं छानबिन समिति २०८२ ले पेस गरेको प्रतिवेदन कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाइको छ । त्यस्तै नागरिक उड्डयन क्षेत्रको सुधारका लागि गठित उच्चस्तरीय अध्ययन एवम् सुझाव समितिले पेस गरेको प्रतिवेदन २०८२ कार्यान्वयनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाउने निर्णय भएको छ।*

*यसो भनिरहँदा यो वर्ष बाढीपहिरोले मधेश पनि अस्तव्यस्त भएको थियो । केही दिनअघि मन्त्रिपरिषद् बैठकमा मधेशबारे ब्रिफिङ गर्न मधेश प्रदेश सरकारका मुख्यमन्त्रीका हैसियतमा सतिश कुमार सिंह पनि पुगेका थिए । यो वर्ष मधेशका आठ जिल्लामै बाढीपहिरोको कहर थियो । तर सरकारले मधेशबारे केही बोलेको छैन । के मधेशमा बाढीपहिरोले विस्तापितहरुबारे सरकारले थाहा पाएन ? या मधेशको अस्तव्यस्त राजनीति देखेर मुख्यमन्त्रीले ब्रिफिङ गर्दा पनि सरकारले सुनेन ? किन मुख्यमन्त्रीले सत्यतथ्य नै ब्रिफिङ गरेनन् र मधेशको बाढीपहिरोको समस्याबारे सरकार गम्भीर हुन सकेन ?*

# दृष्टि सुरक्षित राख्नु नै उज्यालो भविष्यको पहिलो कदम



डा शैलेशकुमार मिश्र

'आफ्नो आँखालाई माया गरौं' भन्ने नाराका साथ आज नेपालसहित विश्वभर नै विश्वदृष्टि दिवस मनाईंदैछ। हरेक वर्ष अक्टोबर महिनाको दोस्रो बिहीबारलाई विश्व दृष्टि दिवसका रुपमा विविध कार्यक्रम आयोजना गरी विश्वभर नै मनाउने गरिन्छ।

यस वर्षको नाराले व्यक्तिगत दृष्टि स्वास्थ्यलाई प्राथमिकता दिने र सबैका लागि सर्वसुलभ र गुणस्तरीय आँखा उपचार सेवा सुनिश्चित गर्ने रहेको छ। सन् १९९८ को अक्टोबर ८ गतेदेखि विश्व स्वास्थ्य सङ्गठन तथा अन्धोपन न्यूनीकरण कार्यमा संलग्न अन्तरराष्ट्रिय गैरसरकारी संस्थाको छाता सङ्गठन (International Agency for the Prevention of Blindness- IAPB)ले संयुक्त रुपमा मनाउन सुरु गरेको विश्व दृष्टि दिवसले विश्वमा अन्धोपनको कारक तथा यसको न्यूनीकरणका उपायहरुका सम्बन्धमा आम जनसाधारणसम्म सूचना र जानकारी प्रवाह गरी सचेतना अभिवृद्धि गर्ने कार्यमा सरोकारवाला सबैलाई अझ बढी प्रेरित र प्रोत्साहित गर्ने गरिन्छ।

हामी आँखा स्वास्थ्य क्षेत्रमा संलग्नहरुका लागि यो दिन अझ विशेष र महत्वपूर्ण दिन पनि हो। विश्व दृष्टि दिवसका अवसरमा विभिन्न देशका संस्था, स्वास्थ्यकर्मी र अभियन्ताहरूले आँखाको हेरचाह र नियमित स्वास्थ्य परीक्षणको महत्वबारे जनस्तरमा सचेतना फैलाउँछन् । विश्वभर फैलिने यस अभियानले सरकार र नीति निर्माताहरूले आँखा स्वास्थ्यलाई प्राथमिकता दिनुपर्छ भनि सचेत गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

समयमै उपचार र नियमित आँखाको जाँचले दृष्टि गुम्ने जोखिम घटाउनुका साथै शिक्षा, रोजगारी र समग्र आर्थिक सम्भावनालाई पनि मजबुत बनाउँछ। दृष्टि हाम्रा अवसरहरूको ढोका हो— त्यसैले आँखाको हेरचाहलाई हाम्रो दैनिक जीवनको अङ्ग बनाउनु आवश्यक छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०५० सम्म विश्वका करिब ५० प्रतिशत मानिसमा दृष्टिदोषको समस्या देखिन सक्ने अनुमान गरिएको छ। यस जोखिमलाई रोकथाम र न्यूनीकरण गर्नका लागि सबै पक्षबीच सहकार्य गर्दै समुदायस्तरमै आँखासम्बन्धी जनचेतना अभिवृद्धि गर्न आवश्यक छ।

आँखाको समस्या केवल दृष्टिसँग मात्रै सीमित हुँदैन, यसले व्यक्तिको सिकाइ, मानसिक स्वास्थ्य र समग्र जीवनस्तरमा पनि प्रत्यक्ष प्रभाव पार्छ। यसैले बालबालिकाको दृष्टि स्वास्थ्यमा विशेष ध्यान दिनु जरुरी छ । नवजात शिशु जन्मिएको एक महिना, छ महिना र एक वर्षमा आँखा परीक्षण गराउनुपर्दछ । साथै बालबालिकालाई विद्यालय भर्ना गर्नुअघि र हरेक वर्ष कम्तीमा एक पटक आँखा परीक्षण गराउनु उपयुक्त मानिन्छ । समयमै समस्या पहिचान भएमा यसले दृष्टि गुम्ने जोखिम धेरै नै न्यून हुन्छ।

आँखाको उपचार केवल चिकित्सकीय उपचारमा सीमित नभइ समग्र विकाससँग पनि प्रत्यक्ष रूपमा जोडिएको छ । दिगो विकासका १७ लक्ष्यमध्ये आठ वटा लक्ष्यहरू आँखा स्वास्थ्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन् — गरिबी न्यूनीकरण, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, मर्यादित रोजगारी, असमानता न्यूनीकरण तथा दिगो समुदाय विकासजस्ता क्षेत्रमा दृष्टि स्वास्थ्यले महत्वपूर्ण योगदान पुऱ्याउँछ।

एक तथ्याङ्क अनुसार केवल एउटा चस्माको प्रयोगले पनि कामकाजी व्यक्तिको उत्पादकत्वमा २२ प्रतिशत र विद्यार्थीको अध्ययन सफलतामा ४४ प्रतिशतसम्म सुधार ल्याउन सकिन्छ । त्यसैले, आँखाको हेरचाहलाई व्यक्तिगत होइन, सामाजिक प्राथमिकताको रूपमा लिनु आजको आवश्यकता हो।

नेपालले आँखा उपचार क्षेत्रमा गरेका कामको प्रगतिको अहिले विश्व समुदायमै प्रशंसा हुने गरेको छ । नेपालको सरकार र गैर सरकारी संस्थाको साझेदारीमा सञ्चालित आँखा स्वास्थ्य सेवालाई विश्वमा नै अनुकरणीय उदाहरणका रुपमा लिने गरिन्छ।

विगतका दशकको तुलनामा दुबै आँखा नदेख्ने दृष्टिविहीनहरुको अनुपातमा उल्लेख्य कमि आएको छ ९सन् १९८१ मा गरिएको सर्वेक्षणमा अन्धोपनको अनुपात ०।८४ प्रतिशत रहेकोमा सन् २०२१ मा यो घटेर ०।२८ प्रतिशतमा रहेको छ०। तर दृष्टि क्षमता कम भएका तथा न्यून दृष्टिको अनुपात भने उल्लेख्य रुपमा बढिरहेको पाइएको छ ।आँखासम्बन्धी विश्व स्वास्थ्य सङ्गठनले दिएको मार्गदर्शन तथा नीतिहरुलाई हाम्रो देशले पनि आत्मसात गर्दै आएको छ । नेपाल सरकारको विश्व स्वास्थ्य सङ्गठनको महासभाद्वारा पारित क्लतभनचबतभम एभयउभि ऋभलतचभ ग्थभ ऋबचभ को उद्देश्यलाई अवलम्बन गरी आँखा स्वास्थ्य रणनीति तयार गरिसकेको छ । सन् २०३० सम्ममा विश्वव्यापी लक्ष्यलाई प्राप्त गर्ने गरी कार्ययोजना तर्जुमा गर्ने कार्यसमेत भइरहेको छ । संयुक्त राष्ट्र सङ्घको २०२१ को महासभामा खक्ष्चल ०ायच भखभचथयलभ सबैका लागि दृष्टि तथा दिगो विकासका लक्ष्य प्राप्तिमा आँखा स्वास्थ्यको महत्त्वपूर्ण भूमिका रहेको महसुस गरिएको परिपेक्ष्यमा आगामी दिनमा पनि नेपालको आँखा स्वास्थ्य सेवालाई सर्वसुलभ सबैको पहुँचमा पुऱ्याइ दिगो विकासको स्वास्थ्यसम्बन्धी लक्ष्य प्राप्त गर्न हामी एक सेवा प्रदायकका रुपमा कटिबद्ध छौं।

आज विश्व दृष्टि दिवस मनाइरहँदा आँखा स्वास्थ्यका क्षेत्रमा थपिँदै गएका नयाँ नयाँ चुनौतीलाई आँकलन गर्नुपर्ने खाँचो छ। बढ्दो जनसङ्ख्या वृद्धि दर, औसत आयुमा वृद्धि, प्रविधिको अत्यधिक प्रयोग, वातावरणीय जोखिमयुक्त बसोबास, आधुनिक खानपान आदि कारणबाट आँखा स्वास्थ्यमा पर्न जाने नकारात्मक असर र उत्पन्न हुने नयाँ नयाँ आँखा रोगको निवारणका लागि पूर्वतयारी र आवश्यक रोकथामका विधिको विकासमा समयमै ध्यान नदिने हो भने हाम्रा आजसम्मका उपलब्धिको महत्व न्यून हुन जाने छ।

आगामी दिनहरूमा आँखासम्बन्धी समस्याको प्रभावकारी समाधानका लागि रोकथाम र जोखिम न्यूनीकरणमा ध्यान दिनु अत्यावश्यक छ । यसका साथै, आँखाको स्वास्थ्यबारे जनचेतना अभिवृद्धि गर्न तीनै तहका सरकार ९सङ्घीय, प्रदेश तथा स्थानीय तह०बीच सशक्त समन्वय, लगानी र सक्रिय भूमिका अपरिहार्य छन्।

त्यसैले सबै सम्बद्ध निकायहरूले आ–आफ्नो तह र जिम्मेवारी अनुसार प्राथमिकता निर्धारण गरी कार्यान्वयनतर्फ अघि बढ्नु आवश्यक छ। दृष्टि केवल हेर्ने क्षमता होइन, यो जीवनको उज्यालो हो । त्यसैले, आफ्नो आँखालाई माया गरौं, नियमित जाँच गरौं, र अरूलाई पनि आँखाको हेरचाहमा सचेत बनाऔं। दृष्टि सुरक्षित राख्नु नै उज्यालो भविष्य निर्माणतर्फको पहिलो कदम हो त्यसैले आँखा उपचारका क्षेत्रमा सबैले हातेमालो गरौं। सम्पूर्णमा विश्व दृष्टि दिवसको हार्दिक शुभकामना । रासस

# जेन्जी आन्दोलनको एक महिनामा कति माग पूरा भए ?



विनिता दाहाल

सत्ता परिवर्तन हुने गरी जेन्जी आन्दोलन भएको बिहीवार एक महिना पुगेको छ । यसबीचमा जेन्जी आन्दोलनकारीका प्रतिनिधि बताउने केही युवाहरूले आफूले उठाएका केही माग सरकारबाट सम्बोधन हुन सकेका र केही हुन बाँकी रहेको बताएका छन्। भदौ २३ र २४ गते देशभरि ठूलो मानवीय र भौतिक क्षति हुने गरी भएका घटनाको छानबिनका लागि सरकारले उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन गरेको कुरालाई आफूहरूले सकारात्मक रूपमा लिएको जेन्जी आन्दोलनमा सहभागी एक अभियानकर्मीले बीबीसीलाई बताइन्।

तर भ्रष्टाचारको छानबिन गर्नका लागि उच्चस्तरीय आयोग अनि मन्त्रिपरिषद् विस्तारमा भएको ढिलाइ आफूहरूलाई चित्त नबुझेको उनले बताइन् । सरकारले भने चुनावसँगै बाढीपहिरोबाट प्रभावित मानिसहरूको राहत र उद्धारका विषयमा बढी केन्द्रित हुँदा केही समय लागेको बताउँदै भ्रष्टाचार छानबिनका लागि आयोग गठन र मन्त्रिपरिषद् विस्तारबारे छलफलमै रहेको प्रतिक्रिया दिएको छ। समग्रमा चुनावी सरकारले अहिलेसम्म गरेका काम राम्रै देखिए पनि सुरक्षा व्यवस्थामा सुधार गर्नुपर्ने, निर्वाचनसँग जोडिएका कानुन संशोधनलगायतका काममा विलम्ब नगर्न विज्ञहरूले सुझाव दिएका छन्। साथै उनीहरूले जेन्जीको पनि नेतृत्व कसले गर्ने हो र उनीहरूको योजना के हो भन्ने मार्गचित्र स्पष्ट हुनुपर्ने बताएका छन्।

**जेन्जीका माग के थिए, के थपिए ?**

जेन्जी आन्दोलनको सुरुमा तात्कालिक सरकारले लगाएको सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउन र भ्रष्टाचारविरुद्ध कदम चाल्न माग गरिएको भए पनि अहिले अन्य धेरै माग थपिएको देखिन्छ। जेन्जी आन्दोलनमा सहभागी एक अभियानकर्मी रक्षा बम भन्छिन्, 'आन्दोलनको पहिलो दिन राज्य पक्षबाट जुन दमन भयो, त्यसको निष्पक्ष छानबिन हुनुपर्ने र दोषीलाई कारबाही हुनुपर्छ भन्ने हाम्रो माग हो,' उनले भनिन्।

'देशैभरि भएका लुटपाट र तोडफोडका पनि घटना छानबिन हुनुपर्छ भन्ने सुझाव दिएका छौं।' उनले यी माग सम्बोधनका लागि सरकारले जाँचबुझ आयोग गठन गरेर काम अगाडि बढाए पनि आफूहरूको आन्दोलनको मुख्य माग भ्रष्टाचार नियन्त्रणका लागि छानबिन आयोग भने गठन हुन नसकेको बताइन् । 'भ्रष्टाचारसम्बन्धी ठूलाठूला फाइलहरू खोल्ने कुरामा सरकार प्रतिबद्ध छ । आउँदा दिनमा भ्रष्टाचार हुन नदिने कुरामा पनि सरकार एकदमै सकारात्मक छ,' बमले भनिन् । त्यसबाहेक स्वतन्त्र र निष्पक्ष चुनाव हुनुपर्ने आफूहरूको माग रहेको उनले बताइन्।

गएको एक महिनामा धेरै घटनाक्रम भएका भन्दै उनले अहिलेको सरकारलाई 'शङ्काको सुविधा' दिएर काम गर्न थोरै समय दिनुपर्ने बताइन्। आफूहरूको माग सम्बोधनबारे सरकारसँग सम्पर्कमै रहेको पनि उनले बताइन्। त्यसयता केही जेन्जी आन्दोलनकर्मीहरूले प्रत्यक्ष निर्वाचित कार्यकारी हुनुपर्ने विषय समेत उठाएका थिए। तर त्यो अब चुनावपछि बन्ने संसद्बाट नै सम्बोधन हुने विषय रहेकाले आफूहरूको माग त्यो नभएको बमले बताइन्।

**सरकारले के कुरामा जोड दिनुपर्छ ?**

कतिपय जानकारहरूले जेनजी को माग छरपस्ट भएको र स्पष्ट नेतृत्व नदेखिएको बताउने गरेका छन्। राजनीतिशास्त्री कृष्ण खनाल आन्दोलनको माग गर्नेहरू सरकारमा नभएका कारण माग राख्ने र माग सम्बोधन गर्नेबीच खाडल देखिएको बताउँछन् । 'जेन्जी स्वयम्को राजनीतिक मार्गचित्र के हो भन्ने नै स्पष्ट छैन। केही जेन्जी अभियानकर्मीहरू चर्चामा सुनिन्छन् तर उनीहरूले सङ्गठित भएर राजनीतिक उद्देश्य र यात्राबारे एउटा चित्र तय गर्नुपर्ने जिम्मेवारी हो,' उनले भने।

'अन्यथा अहिलेको चुनाव प्रतिनिधिसभाको मध्यावधि चुनावजस्तो भएर सीमित होला भन्ने आशङ्का छ ।' उनले अहिलेको अन्तरिम सरकारबाट भने धेरै कुराहरू अपेक्षा नगरिएको बताए । सरकारका जिम्मेवारीहरूमध्ये मुख्य चुनाव गराउने र शान्तिसुरक्षा पुनर्स्थापित गर्ने विषयमा सरकार अगाडि बढेकै देखिएको उनले बताए । तर राजनीतिक दलसँग गर्नुपर्ने छलफलमा भने प्रधानमन्त्री सुशीला कार्कीको तदारुकता त्यति नदेखिएको उनले बताए।

'चुनाव भनेको निर्वाचन आयोगले मात्रै पूरा गरेर हुने विषय होइन। ठूलो राजनीतिक विषयका लागि राजनीतिक वातावरण बन्नुपर्छ। निर्वाचन आयोगले प्राविधिक विषयमा संवाद गरे पनि राजनीतिक वातावरणका लागि प्रधानमन्त्रीले संवाद गर्नुपर्छ र त्यसमा दलहरू र जेन्जी प्रतिनिधिले साथ दिनुपर्छ,' खनालले भने। 'त्यो प्रधानमन्त्रीबाट हुनसकेको छैन। केही हिचकिचाहट, केही मनोवैज्ञानिक कारणहरू हुन सक्छन्।'

अहिलेको अवस्थामा प्रधानमन्त्रीले राष्ट्रपतिलाई अनुरोध गरेर सबै दललाई चुनावबारे संवादका लागि आह्वान गर्नुपर्ने बताए।

**सरकारले गरेका काम कति चित्तबुझ्दा ?**

संविधानविद् विपिन अधिकारी खास गरी अर्थ मन्त्रालयले गरिरहेका कामहरू सुधारात्मक देखिएको बताउँछन्। त्यसबाहेक चुनाव निष्पक्ष र सहभागितामूलक बनाउन सरकारले निर्वाचन ऐनमा चाहिने संशोधनको तयारी गर्नुपर्ने उनले बताए।

'पहिलो कुरा सरकारले राजनीतिक दलसम्बन्धी ऐनलाई संशोधन गर्दा युवाको सहभागिता गराउने विषयमा ध्यान दिनुपर्छ। दोस्रो, राजनीतिक दलभित्रको आन्तरिक प्रजातन्त्र कायम गर्ने विषयमा ध्यान दिनुपर्छ। तेस्रो राजनीतिक दलको आर्थिक पारदर्शीका लागि संशोधन गर्नुपर्छ र अन्तिममा पार्टीलाई समावेशीकरण गर्नुपर्छ ।' अध्यादेशबाट ऐन संशोधन गर्न सकिने भएका कारण सरकारलाई अहिले यी कामका लागि बाधा नभएको पनि उनले बताए।

र आन्दोलनका क्रममा अत्यधिक बल प्रयोगको विषयमा हुनुपर्ने अनुसन्धान यो सरकारबाट हुन नसकेको उनले बताए।

'आगजनी र बर्बरता भयो, त्यसमा जुन व्यक्तिहरूलाई मुक्त गरियो, त्यो गलत भयो। फौजदारी कामकारबाही रोक्न जरुरी छैन। त्यो कामलाई तत्काल गर्नुपर्छ र गति दिनुपर्छ,' संविधानविद् अधिकारीले भने । 'गृह प्रशासनलाई बलियो बनाउनुपर्छ। अहिले त्यसमा कमजोरी देखियो।'

सरकारले विज्ञप्ति जारी गरेर उच्चस्तरीय जाँचबुझ आयोगको सिफारिसपछि मात्र कारबाही हुने बताएको थियो। भदौ २४ गते देशैभरि धेरै प्रहरी बिटहरूमा आक्रमणहरू भएका थिए भने प्रहरीका हतियारसमेत चोरिएका थिए। उक्त घटनाले प्रहरीको मनोबल खस्किएको बताइन्छ। साथै जेलबाट पनि धुप्रै संख्यामा कैदीहरू भागेका थिए। हतियार फिर्ता नभएका र कैदी नफर्किएका दुवै विषय आममानिसको सुरक्षासँग सम्बन्धित भएका कारण सरकारलाई त्यस विषयमा ध्यान दिन विज्ञहरू सुझाउँछन्।

सुरक्षा निकाय र खास गरी प्रहरीको मनोबल बढाउने कुरामा सरकार सक्रिय नदेखिएको पूर्वडीआईजी हेमन्त मल्लले बताए । 'ठूलो संख्यामा हतियार लुटिएको छ त्यो सामान्य घटना होइन। कुनै योजना गरेर नै ती हतियार लुटिएका हुन् । त्यसलाई फिर्ता गर्न प्रहरी र सरकार नै लाग्नुपर्छ,' मल्लले भने । हतियार फिर्ता गर्न गुप्तचर निकायदेखि सेना, प्रहरी सबैलाई संलग्न गराएर अगाडि बढ्नुपर्ने उनले बताए । उनले प्रहरीको मनोबल बढाउने कुरामा पनि सरकारले काम गर्न सकेको आफूले नदेखेको बताए।

**मन्त्रिपरिषद् विस्तार र भ्रष्टाचारसम्बन्धी आयोग बन्न किन ढिला ?**

सरकारका प्रवक्ता तथा सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सरकारले जेन्जीले आन्दोलनमा उठाएका र त्यसयताका माग सम्बोधन गर्ने गरी नै काम गरिरहेको बताएका छन् । खासगरी भ्रष्टाचार नियन्त्रणसम्बन्धी माग सम्बोधनबारे सरकारले आन्तरिक रूपमा अनौपचारिक छलफल गरिरहेको उनले बताए। 'आयोग गठन गर्ने वा अन्य विकल्प के हुन सक्छ, कहिलेदेखिको छानबिन गर्ने, कसरी छानबिन गर्ने भ्रष्टाचार नियन्त्रणका लागि अहिले भएका संयन्त्र प्रभावकारी हुन सक्छन् कि सक्दैनन्, थप केही गर्नुपर्छ कि भन्ने विकल्पमा छलफल अगाडि बढाउँदै छौं,' उनले भने। त्यसको अर्थ भ्रष्टाचार छानबिनका लागि आयोग नबन्न पनि सक्छ ?

बीबीसीको प्रश्नमा मन्त्री खरेलले भने, 'आयोग बनाएर गर्ने, आयोग नबनाई गर्ने, कसरी गर्ने भन्ने कुरामै हामी छलफलमा छौं।' भदौ २३ र २४ को आन्दोलनपछि जेनजीले अघि सारेकी पूर्व प्रधानन्यायाधीश सुशीला कार्की भदौ २७ गते प्रधानमन्त्री बनेकी थिइन् र भदौ २९ गते कार्यभार सम्हालेकी थिइन्।

उनले भदौ ३० गते थप तीनजना मन्त्री राखेर मन्त्रिपरिषद् विस्तार गरेकी थिइन् । अहिले उनीसहित मन्त्रिपरिषद् आठसदस्यीय रहेको छ। तर उनले बीबीसीसँगकै अन्तर्वार्तामा १० वा ११ सदस्यीय हुने बताएकी थिइन् । तर मन्त्रिपरिषद् विस्तार हुन सकिरहेको छैन।

त्यसबारे बोल्दै सरकारका प्रवक्ता खरेलले भने, "मन्त्रिपरिषद् ठूलो नबनाउने भन्ने नै हो । तर त्यसो भन्दैमा अहिले भएकै मन्त्रीहरूले नै काम चलाउने भन्ने पनि होइन। केही मन्त्रीहरू थपिन सक्ने सम्भावना छ। त्यसका लागि पनि हामी छलफलमा नै छौं।' आममानिसलाई सुरक्षा दिने विषयमा पनि सरकारले सुरक्षा निकायको मनोबल बढाउने क्रममा लागिरहेको उनले बताए । 'सुरक्षा निकायसँग सरकार पटकपटक बसेको छ र मनोबल बढाउने काममा लागेका छौं,' उनले भने। बीबीसी



CamScanner

# हुलाकको सार्थकता घटेको छैनः सञ्चारमन्त्री



**काठमाडौं ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बदलिँदो विश्वव्यापी परिवेशमा हुलाक सेवाको आवश्यकता झनै बढेको बताएका छन । १५१औं विश्व हुलाक दिवसका अवसरमा हुलाक सेवा विभागले बिहिवार आयोजना गरेको कार्यक्रममा उनले हुलाक सेवालाई समयानकूल सुधार गर्दै लैजानुपर्नेमा जोड दिए ।

'हुलाकको आवश्यकता र सार्थकता घटेको छैन', मन्त्री खरेलले भने, 'हुलाक सेवालाई आधुनिक, प्रतिस्पर्धी र व्यावसयिक बनाउनुपर्छ ।' सरकार हुलाक सेवाको व्यावसायिकीकरण गर्ने पक्षमा रहेको उल्लेख गर्दै उनले यसबाट मात्रै हुलाक सेवाको विश्वव्यापी पहुँच अभिवृद्धि गर्न सकिने बताए ।

'स्थानीय तह र समुदाय, परिवार र व्यक्तिको तहसम्म हुलाक सेवा पुऱ्याउनुपर्छ । विश्वको जुनसुकै देशमा रहेका नेपालीका बीचमा हुलाक सेवाको पहुँच हुनुपर्छ', मन्त्री खरेलले भने । उनले हुलाक सेवालाई सुदृढ बनाउन मन्त्रालय सदैव सकारात्मक रहेको उल्लेख गरे ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले सूचना प्रविधिको विकास र सरकारका केही नीतिका कारण हुलाक सेवा केही ओझेलमा परे पनि यसको महत्व नघटेको बताईन ।

उनले भने, 'सूचना प्रविधिको प्रयोगमामार्फत 'स्मार्ट हुलाक' बनाउनेतर्फ लाग्नुपर्छ ।'

विभागका महानिर्देशक मनमाया भट्टराई पङ्गेनीले हुलाक सेवालाई 'स्मार्ट' बनाएर नागरिकको घरदैलोमा पुग्ने सपना पूरा गर्न स्रोतसाधनको उचित प्रबन्ध गरिदिन सरकारसँग आग्रह गरे ।

सो अवसरमा मन्त्री खरेलले नेपाली क्रिकेट टोली (महिला र क्वालिफाइड यु–२०), महोत्तरीको महिटहानीस्थित लक्ष्मीनारायण मन्दिर, मुस्ताङको लोमान्थाङस्थित सिजा झोङ गुफा र शिक्षाविद् डा हर्कबहादुर बुढा मगरको तस्वीर अङ्कित टिकटमा टाँचा लगाएका थिए ।रासस

कार्यक्रममा 'फिलाटेलिक', उत्कृष्ट कर्मचारीलगायतलाई सम्मान गरिएको थियो । दिवसका अवसरमा विभाग परिसरमा विभिन्न हुलाक टिकट प्रदर्शन गरिएको थियो । 'नागरिकका लागि हुलाक, स्थानीय सेवा र विश्वव्यापी पहुँच' भन्ने नाराका विश्वव्यापी रुपमा आज विश्व हुलाक दिवस मनाईदैछ ।रासस

# तीन वृद्धाको निःशुल्क आँखाको शल्यक्रिया

**चितवन।**
भरतपुर आँखा अस्पतालले विश्व दृष्टि दिवसको अवसरमा तीन वृद्धाको आँखाको निःशुल्क शल्यक्रिया गरेको छ। देवघाट क्षेत्र विकास समितिद्वारा सञ्चालित देवघाट समाज कल्याण केन्द्रमा आश्रित अन्दाजी ७५ वर्षीया वृद्धाहरुको आँखाको मोतियाबिन्दुको शल्यक्रिया गरिएको हो।

अस्पतालका प्रशासक दयाशङ्कर चौधरीका अनुसार दिवसको सन्दर्भ पारेर बुधवार शल्यक्रिया गरी बिहिवार बिहान आँखाको पट्टी खोलिएको हो। वृद्धाहरुलाई आवाजावतदेखि खानपान र शल्यक्रियासम्म सबै छुट दिइएको हो।

अस्पतालले आज बिहान आयोजना गरेको कार्यक्रममा नेपाल नेत्रज्योति सङ्घका केन्द्रीय कोषाध्यक्ष चिजकुमार मास्के, सङ्घका जिल्ला सभापति जयराम श्रेष्ठ, उपसभापति जेतेन्द्र खड्का, देवघाट क्षेत्र विकास समितिका अध्यक्ष डा इश्वरीराज लौडारी, कार्यकारी निर्देशक सदन बराल लगायतले समयमा उपचार पाएमा अन्धो हुनबाट बच्न सकिने भन्दै यस अवसरमा जनचेतना जगाउनुपर्नेमा जोड दिएका थिए।

विश्व दृष्टि दिवसको अवसरमा भरतपुर आँखा अस्पताल ठोरीमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको निःशुल्क आँखा परीक्षण गरिएको छ । सो अवसरमा ४४ प्रहरीहरुको आँखा परीक्षण गरिएको हो । आँखा परीक्षणका क्रममा २४ जनालाई औषधि र सात जनालाई चस्मा निःशुल्क वितरण गरिएको छ ।रासस

# अस्थायी 'डाइभर्सन' बनाएर बिपी राजमार्ग सञ्चालनमा जुट्यो सरकार

**काठमाडौं।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङको नेतृत्वमा उक्त मन्त्रालयका सचिव केशव शर्मा, सडक विभागका महानिर्देशक विजय जैसीसहितको टोलीले हालैको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गका विभिन्न खण्डको बिहिवार अनुगमन गरेका छन।

बाढीले क्षतिग्रस्त उक्त राजमार्गको करिब चार किलोमिटर खण्डमा अस्थायी 'डाइभर्सन' बनाएर सडक सञ्चालनको तयारीका क्रममा मन्त्री घिसिङ नेतृत्वको टोली अनुगमनमा निस्केको हो।

मन्त्री घिसिङले कार्यक्षेत्रमा खटिका सडक विभागका इन्जिनियर र निर्माण व्यवसायीलाई सङ्घीय राजधानी काठमाडौंसँग बाग्मती, मधेस र कोशी प्रदेशका जिल्लाहरुलाई जोड्ने 'लाइफ लाइन' का रुपमा रहेको यो सडकलाई जतिसक्दो चाँडो सञ्चालन हुनेगरी काम गर्न आग्रह गरेका छन।

गत वर्षको बाढीले उक्त राजमार्गको भकुण्डे–नेपालचोक खण्डमा क्षति भएको थियो । उक्त खण्डमा अस्थायी डाइभर्सन निर्माण गरी सञ्चालन गरिएकामा हालैको बाढीले करिब चार किलोमिटर पुनः बगाएको छ।

गत वर्षको बाढीबाट क्षतिग्रस्त सडक स्थायी रुपमा निर्माण गर्न केही खण्डको ठेक्का लागिसकेको छभने कही खण्डको ठेक्का प्रक्रिया अन्तिम चरणमा रहेको मन्त्री घिसिङको निजी सचिवालयले जनाएको छ ।रासस

# ग्राहकसँग व्यक्तिगत गोप्य विवरण मागिएको छैन

**काठमाडौं ।**
राष्ट्रिय वाणिज्य बैंकले पछिल्ला दिनमा केही अनधिकृत व्यक्तिले बैंकका नाममा ग्राहकलाई फोन गरी ठगीजन्य गतिविधिमा संलग्न रहेको भन्ने सूचना प्राप्त भएको सन्दर्भमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

त्यस्ता अनाधिकृत व्यक्तिले व्यक्तिगत विवरण माग्ने, झुटा अफर तथा योजनाको बारेमा जानकारी दिँदै आर्थिक लाभको प्रलोभनमा पार्ने जस्ता ठगीजन्य गतिविधिहरुमा संलग्न रहेको भन्ने सूचना बैंकमा प्राप्त भएको उल्लेख गरेको छ । बैंकद्वारा आज प्रेस विज्ञप्तिमा भनिएको छ ' बैंकका कुनै पनि कर्मचारी वा अधिकृत प्रतिनिधिद्वारा कहिल्यै कुनैपनि प्रयोजनका लागि फोन, इमेल, सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट ग्राहकसँग एटिएम् पिन, मोबाइल बैंकिङ तथा ई–बैंकिङका ओटिपि, इमेल, पासवर्ड वा अन्य व्यक्तिगत गोप्य विवरण मागिएको छैन ।'

बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीद्वारा जारी सो विज्ञप्तिमा अनाधिकृत रुपमा आउने यस किसिमका फोन, इमेल वा सामाजिक सञ्जालका सन्देशमा विश्वास नगर्न समेत अनुरोध गरिएको छ ।रासस

# राप्ती प्रतिष्ठानका तत्कालीन उपकूलपतिसहित १३ जनाविरुद्ध मुद्दा




**काठमाडौं ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालीन उपकुलपति प्राडा सङ्गीता सिंह भण्डारी, तत्कालीन कामु रजिष्ट्रार झनकार लामिछानेसहित १३ जना विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

अख्तियारका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार प्रतिष्ठानकी तत्कालीन उपकुलपति भण्डारीसमेतले प्रतिष्ठानका लागि 'एमआरआई' मेसिन कम गुणस्तरको खरिद गरी गराई आर्थिक अनियमितता गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धानपछि आरोपितविरुद्ध बिहिवार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

तत्कालीन उपकुलपति भण्डारीसमेतले एमआरआई मेसिन खरिदमा सार्वजनिक खरिद ऐन र नियमावलीविपरीत बदनियतपूर्ण ढङ्गले कम गुणस्तरका उपकरण खरिद गरेको र खरिद आवश्यकताको पहिचान एवं खरिद गुरुयोजना नबनाई बजेट माग गरी पदाधिकारी र कर्मचारीको मिलेमतोमा खरिद गरी अनियमितता गरेको पाइएको आरोपपत्रमा उल्लेख छ ।

अख्तियारले भण्डारीविरुद्ध रु १२ करोड सात लाख ६० हजार १४५ भ्रष्टाचार गरेको अभियोगसहित मुद्दा दर्ता गरेको हो । सोही प्रकरणमा प्रतिष्ठानका तत्कालीन कामु रजिष्ट्रार लामिछाने, तत्कालीन फाइनान्स मेनेजर कैलाशप्रसाद देव, बायोमेडिकल इन्जिनियर शरद भण्डारी, काठमाडौंका बायोमेडिकल इन्जिनियर अमितकुमार चौधरी, प्रतिष्ठानका डेपुटी फाइनान्स मेनेजर नितिन कुर्मीविरुद्ध पनि भ्रष्टाचार मुद्दा दर्ता गरेको छ ।

सोही प्रकरणमा प्रतिष्ठानका शाखा अधिकृत छायाँ डिसी, शाखा अधिकृत श्रीराम चौधरी, हिरालाल भण्डारी, तत्कालीन सिभिल इन्जिनियर मदन भण्डारी, तत्कालीन वरिष्ठ सहायक अञ्जु शर्मा, तत्कालीन बायोमेडिकल इन्जिनियर सुजाता भट्टराई, लुम्बिनी हेल्थकेयर प्रालि तथा उक्त कम्पनीका मुख्य भई काम गर्ने अध्यक्ष पोस्टराज ज्ञवालीसहितलाई रु १२ करोड सात लाख ६० हजार १४६ बिगो दाबी गर्दै भ्रष्टाचार मुद्दा दर्ता गरेको हो ।रासस

# 'सुरक्षाकर्मीको आँखा सुरक्षित हुँदा नागरिकको सुरक्षा'



**काठमाडौं।**
विश्व दृष्टि दिवसका अवसरमा सुरक्षाकर्मीको निः शुल्क आँखा परीक्षण गरिएको छ । नेपाल नेत्रज्योति सङ्घले आफ्ना देशभर रहेका अस्पताल, उपचार केन्द्र तथा सञ्चाल मार्फत् सो सेवा प्रदान गरेको हो।

सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले यस वर्षको विश्व दृष्टि दिवसका अवसरमा नागरिक सेवामा अहोरात्र खटिने प्रहरीहरुको आँखा स्वास्थ्यलाई प्राथमिकता दिएर देशभरका सञ्जाल मार्फत् निःशुल्क आँखा परीक्षण गरिएको जानकारी दिए।

सङ्घका महासचिव भरतबहादुर चन्दका अनुसार सङ्घद्वारा देशभरमा सञ्चालित २८ आँखा अस्पताल तथा २२६ आँखा उपचार केन्द्रहरुले स्थानीय प्रहरी कार्यालयहरुसंगको समन्वयमा आँखा परीक्षण कार्यक्रम सञ्चालन गरिरहेका छन्।

उनले भने, 'हामीलाई प्रहरीले सुरक्षा दिएकै कारण ढुक्कले बस्न सकिरहेका छौ । हाम्रो सुरक्षामा खटिने उहाँहरुको दृष्टि सुरक्षित हुँदा हाम्रो पनि सुरक्षा हुन्छ । यसैले यस पटक प्रहरीहरुको आँखा स्वास्थ्यलाई प्राथमिकतामा राखेर विश्वदृष्टि मनाइ रहेका छौ।"

संघका अध्यक्ष प्रा.डा.चेतराज पन्तले सर्वजनिक स्थलका सडक, धुवा, धुलो र प्रत्यक्ष प्रकाशको किरणमा काम गर्नुहुने प्रहरीहरुमा आँखाको समस्या देखिने जोखिम बढी हुने भएकोले उहाँहरुको आँखाको सुरक्षाका लागि आँखा परीक्षण कार्यक्रम सञ्चालन गरिएको बताए।

उनले भने, 'नेपाल प्रहरी अग्रभागमा रहेर आम जनतासंग जोडिएको हुन्छ । यदि हामीले उनिहरुलाई आँखा स्वास्थ्यको महत्व र आवश्यकता राम्रोसंग बुझाउन सक्यो भने त्यो सन्देश छिट्टै आम जनमानसमा पुग्ने भएकाले पनि यो पटकको विश्व दृष्टि दिवसमा हामिले प्रहरी केन्द्रित आँखा जाँच कार्यक्रम संचालन गर्यौ।"

सन् १९९८ को अक्टोबर ८ गतेदेखि विश्व स्वास्थ्य संगठन तथा अन्धोपन न्यूनीकरण कार्यमा संलग्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको छाता संगठनले संयुक्त रुपमा मनाउन सुरु गरेका थिए।

विश्वदृष्टि दिवसले विश्वमा अन्धोपनको कारक तथा यसको न्यूनीकरणका उपायहरुका सम्बन्धमा आम जनसाधारणसम्म सूचना र जानकारीहरु प्रवाह गरी सचेतना अभिवृद्धि गर्ने कार्यमा सरोकारवाला सबैलाई अझ बढि प्रेरित र प्रोत्साहित गर्ने गरिन्छ।

यस दिवसको उद्देश्य विश्वकै प्रमुख स्वास्थ्य समस्याको रुपमा मानिएको पूर्ण वा आंशिक दृष्टिविहीनता तथा दृष्टिदोषको न्यूनीकरणका लागि सबै सरोकारवालाहरु (संघिय, प्रदेश तथा स्थानीय सरकार, तथा आँखा स्वास्थ्य क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाहरु) लाई राष्ट्रिय अन्धोपन निवारण कार्यक्रममा अझ बढी एकताबद्ध र संगठित भएर ठोस नीति र योजनाका साथ क्रियाशील हुन अभिप्रेरित गर्नु रहेको छ। साथै लक्षित वर्गलाई अन्धोपन निवारण कार्यक्रम तथा यसका क्रियाकलापहरुका बारेमा सचेतना अभिबृद्धि गराई अन्धोपनविरुद्धको कार्यक्रममा व्यापक जनसहयोग र समर्थन प्राप्त गर्न अभिप्रेरित गर्नु रहेको छ।

विश्वमा अन्धोपनाको कारक तथा यसको न्यूनीकरणका उपायहरुका सम्बन्धमा आम जनमानससम्म सूचना र जानकारीहरु प्रवाह गरी सचेतना अभिबृद्धि गर्ने उद्देश्यले विश्व स्वास्थ्य संगठन तथा अन्धोपन न्यूनीकरण कार्यमा संलग्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको छाता संगठन इन्टरनेशल ऐजेन्सी फर द प्रिभेन्सन अफ ब्लाइन्डनेस(आइएपिबी) ले संयुक्त रुपमा यो दिवस मनाउन सुरुआत गरेका थिए। यस वर्ष 'आफ्नो आँखालाई माया गरौं' भन्ने नाराका साथ आज नेपालमा पनि विभिन्न कार्यक्रम गरेर विश्व दृष्टि दिवस मनाइदैछ ।रासस

# न्याय प्राप्त गर्ने नागरिकको अक्षुण हक मर्न दिदैनौंः प्रधानन्यायाधीश

**काठमाडौं ।**
प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले न्याय प्राप्त गर्ने नागरिकको अक्षुण हक मर्न नदिने बताएका छन ।

सर्वोच्च अदालतमा बिहिवार नेपाल बार एशोसिएसनका अध्यक्षसहित पदाधिकारीहरु, सर्वोच्च बार एशोसिएसनका अध्यक्ष तथा सचिव, महान्यायाधिवक्ता सविता भण्डारी बराल, नायब महान्यायाधिवक्ताहरु, उपत्यका बार एशोसिएसनका अध्यक्ष तथा सचिवहरुसँग छलफल गर्दै प्रधानन्यायाधीश राउतले सो कुरा बताएका हुन ।

'शीघ्र सेवा सञ्चालन गर्छौं', प्रधानन्यायाधीश राउतले भन्नुभयो, "सर्वोच्च अदालतको सूचना प्रविधिको 'रिकभर' हुनेबित्तिकै सर्वोच्च अदालत पूर्ण रुपमा सञ्चालन हुन्छ ।'

सूचना प्रविधिको शाखाले दिनरात काम गरिरहेको उनले जानकारी दिए । प्रधानन्यायाधीश राउतले सर्वोच्च अदालतको पूर्ण बैठक राखेर छलफल गरी थप धारणा सार्वजनिक गर्ने बताए ।

गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा गरिएको आगजनीमा सर्वोच्च अदालत, जिल्ला अदालत काठमाडौं र उच्च अदालत तुलसीपुरमा ठूलो क्षति पुगेको थियो । हाल सर्वोच्च अदालतसहित देशभरका सबै अदालतमा अतिआवश्यक सेवा सञ्चालन भइरहेका छन् ।

नेपाल बारका अध्यक्ष प्रा डा विजय मिश्रले सर्वोच्च अदालतसहित देशभरका अदालत नियमित रुपमा सञ्चालन गर्नुपर्ने तथा बार र कानुन व्यवसायीसँग भएको मुद्दाका मिसिल झिकाउन सहयोग गर्ने बताए ।

'नेपाल बार र कानुन व्यवसायीसँग भएका मिसिल ल्याउन बारले सहजीकरण गर्नेछ, अदालत नियमित रुपमा सञ्चालन गर्नुपर्छ', उनले भने, 'कतिपय पुराना मिसिल नचाइने काम तत्काल सञ्चालन गर्नु जरुरी छ ।'

नेपाल बारले यसअघि पनि प्रेस विज्ञप्ति जारी गरी अदालत नियमितरुपमा सञ्चालन गर्न आग्रह गरेको थियो । सर्वोच्च अदालतको भवन पूर्ण रुपमा जलेको र धेरै मुद्दाका मिसिल जलेकाले पालमुनिबाट बन्दी प्रत्यक्षीकरणका मुद्दाको सुनुवाइ भइरहेको छ ।

बैठकमा सहभागी सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले समग्र शान्ति सुरक्षालाइ कसरी थप प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा छलफल भएको जानकारी दिए ।रासस

CamScanner

# सुनको मूल्य निरन्तर अकासिँदो



काठमाडौं ।
अन्तरराष्ट्रिय बजारमा सुनको मूल्यमा वृद्धि भएसँगै त्यसको प्रभाव स्थानीय बजारमा पनि परेको छ । बुधबारको तुलनामा आज एक तोला सुन एक हजार २०० रुपैयाँले महँगो भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बुधबार दुई लाख ३८ हजार रुपैयाँ मा कारोबार भएको एक तोला सुनको मोल बिहिवार एक हजार २०० रुपैयाँ ले बढेर दुई लाख ३९ हजार २०० रुपैयाँ कायम भएको छ । चाँदीको मूल्य पनि बढेको छ । बुधबार एक तोला चाँदी दुई हजार ९५५ रुपैयाँ मा खरिदबिक्री भएकामा आज त्यति नै परिमाणको चाँदी तीन हजार २५ रुपैयाँ मा क्रयविक्रय भएको महासङ्घका जनाएको छ ।
अन्तरराष्ट्रिय बजारमा आज एक औँस सुन चार हजार ५५ अमेरिकी डलरमा कारोबार भइरहेको अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । रासस

# मादले काँक्रोखेतीतर्फ आकर्षण बढ्दै





तनहुँ ।
आँबुखैरेनीका कृषक मादले काँक्रोखेतीतर्फ आकर्षित हुन थालेका छन् । पछिल्लो समय मादले काँक्रोले बजार पाउन थालेपछि कृषक यसतर्फ आकर्षित भएका हुन् । यसपटक मात्रै यहाँका छवटा कृषक समूहमा आबद्ध कृषकले काँक्रो बिक्री गरी छ लाख ३५ हजार रुपैयाँ आम्दानी गरेका छन् ।आँबुखैरेनी गाउँपालिका–५ लाब्दी भोटेखाराका वीरबहादुर गुरुङले काँक्रो उत्पादन र बजारीकरणमा गाउँपालिकाले सहयोग गरेपछि आम्दानी बढेको बताए । उनले यस वर्ष आफूले पनि काँक्रो बिक्री गरी ४० हजार ५०० रुपैयाँ आम्दानी गरेको बताए । गुरुङले ५० बोट काँक्रोका बिरुवा लगाएका छन् ।
'बजार नपाउँदा विगतमा काँक्रो कुहिएर जाने गरेको थियो । हाल बजार राम्रै छ',उनले भने, 'गाउँपालिकाले हाम्रो उत्पादन हाटबजारसम्म निःशुल्क ढुवानी गरिदिएको छ, त्यसकारण सहज रूपमा काँक्रो बिक्री भइरहेको छ । यसले हामीलाई निकै सहज भयो ।'
सोही ठाउँका जितबहादुर गुरुङले ३० हजार ५०० रुपैयाँ, तुलबहादुर गुरुङले १२ हजार ५०० रुपैयाँ, सङ्गीता गुरुङले ४५ हजार ५०० रुपैयाँ, लालश्री गुरुङले ४५ हजार ५०० रुपैयाँ, तेजबहादुर गुरुङले २० हजार ५०० रुपैयाँ, बिलुमाया गुरुङले १२ हजार ५०० रुपैयाँ, रत्नमाया गुरुङले १४ हजार ५०० रुपैयाँ, सीता गुरुङले नौ हजार ५०० रुपैयाँ, रजमाया गुरुङले दश हजार ५०० रुपैयाँ, फूलमाया गुरुङले ३५ हजार ५०० रुपैयाँ, धनमाया गुरुङले १५ हजार ५०० रुपैयाँ, खड्क गुरुङले ५० हजार रुपैयाँ को मादले काँक्रो बिक्री गरेका छन् ।
छिम्केश्वरी कृषक समूहमा आबद्ध यीलगायत कृषकले मात्रै चार लाख तीन हजार रुपैयाँ बराबरको मादले काँक्रो बिक्री गरेको कृषक जितबहादुर गुरुङले जानकारी दिए ।
आँबुखैरेनीमा प्रत्येक सोमबार र शुक्रबार लाग्ने हाटबजारमा आफूहरूले उत्पादन गरेको मादले काँक्रोले राम्रो बजार पाएको उनले सुनाए । 'गाउँपालिकाले जति उत्पादन भए पनि बजारीकरणमा सहयोग गर्ने प्रतिबद्धता जनाएपछि हामी ढुक्क छौँ । यसले कृषकलाई आकर्षित गरेको हो', गुरुङले भने ।
गाउँपालिकाका कृषि शाखाप्रमुख सन्तोष केसीले यहाँका कृषकले करिब पाँच हजार ५०० केजी मादले काँक्रो उत्पादन गरी बिक्री गरेको जानकारी दिए ।
उनका अनुसार छिम्केश्वरी कृषक समूहका कृषकले चार लाख तीन हजार रुपैयाँ, घलडाँडा कृषक समूहका कृषकले एक लाख नौ हजार रुपैयाँ, केउरिनी कृषक समूहका कृषकले ७६ हजार रुपैयाँ, माई छिम्केश्वरी कृषक समूहका कृषकले १८ हजार रुपैयाँ, खोलागाउँ कृषक समूहका कृषकले तीन हजार रुपैयाँ, एकता कृषक समूहका कृषकले २६ हजार रुपैयाँ बराबरको काँक्रो बिक्री गरेका छन् । यसबाट ४४ जना कृषक लाभान्वित भएका छन् ।
केसीका अनुसार आँबुखैरेनी गाउँपालिका–५ र ६ मा धेरैले काँक्रोखेती गरिरहेका छन् । विगतमा विभिन्न जटिलतासँगै रोग कीराको प्रकोप, प्राविधिक ज्ञान र बजार समस्याका कारण सोचेअनुरुप उत्पादन हुन सकिरहेको थिएन । गाउँपालिकाले मादले काँक्रोलाई रैथाने बालीका रूपमा राखेर प्रवद्र्धनमा सहयोग गरेपछि केही समस्या समाधान भएको केसीको भनाइ छ ।
उनले भने, 'यस वर्ष दुई वडाका ४४ जना कृषकले पाँच दशमलव पाँच मेट्रिक टन काँक्रो उत्पादन गरेर बिक्री गर्न सफल भएका छन् ।
विगतमा उत्पादन भए पनि बजारीकरण मुख्य समस्याका रूपमा थियो । हाटबजारबाट यसको बजारीकरण हुँदा कृषक उत्साहित हुनाका साथै उत्पादन बढाउन प्रोत्साहित हुनुभएको छ ।'
आँबुखैरेनी गाउँपालिका–२ मा प्रत्येक सोमबार र आँबुखैरेनी गाउँपालिका–३ मा प्रत्येक शुक्रबार हाटबजार लाग्ने गरेको छ ।
गाउँपालिकाभित्रका सबै कृषकले आफूले उत्पादन गरेका सामग्री यहाँ ल्याएर बिक्री गर्ने गर्छन् ।रासस

# बङ्गलादेशमा आतङ्कवादविरोधी कानूनमार्फत राजनीतिक दमन तीव्र



नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा गठन भएको बङ्गलादेशको अन्तरिम सरकारले पदच्युत अवामी लिगका समर्थकहरूविरुद्ध संशोधित आतङ्कवादविरोधी कानूनको प्रयोग तीव्र पारेको ह्युमन राइट्स वाच (एचआरडब्ल्यु) ले बिहीबार जनाएको छ ।
संयुक्त राष्ट्रसङ्घको मानव अधिकार टोलीले हाली बङ्गलादेशमा भइरहेका गिरफ्तारीप्रति गम्भीर चिन्ता व्यक्त गर्दै स्वेच्छिक रूपमा हिरासतमा रहेका सबैलाई तत्काल रिहा गर्न आग्रह गरेको छ । साथै, अधिकार सुनिश्चित गर्न र गैरकानूनी राजनीतिक हिंसामा संलग्नहरूविरुद्ध निष्पक्ष मुद्दा चलाउन सरकारलाई सुझाव दिएको छ ।
पूर्व प्रधानमन्त्री शेख हसिनाको अवामी लिग सरकार तीन हप्तासम्म चलेको हिंसात्मक आन्दोलनपछि सन् २०२४ को अगस्टमा पतन भएको थियो । उक्त आन्दोलनमा करिब एक हजार चार जनाको मृत्यु भएको थियो ।
त्यसपछि बनेको अन्तरिम सरकारले २०२५ मे १२ मा आतङ्कवादविरोधी ऐन संशोधन गर्दै अवामी लिगमाथि 'अस्थायी प्रतिबन्ध' लगाएको थियो । यस अन्तर्गत पार्टीका बैठक, प्रकाशन र अनलाइन गतिविधिमा पूर्ण रोक लगाइएको छ ।
ह्युमन राइट्स वाचकी उप–एसिया निर्देशक मीनाक्षी गाङ्गुलीले भने, 'अन्तरिम सरकारले शेख हसिनाको शासनकालमा भएका गलत अभ्यासहरू दोहोर्‍याउन हुँदैन । जेल राजनीतिक विरोधीहरूले भरिनु वा शान्तिपूर्ण असहमति दबिनु अस्वीकार्य हो ।'
उनले सरकारलाई संयुक्त राष्ट्रसङ्घको मानव अधिकार कार्यालयलाई देशमा सक्रिय निगरानीका लागि सहयोग गर्न आग्रह गरे ।
अन्तरिम सरकार बनेपछि हजारौँ नागरिक पक्राउ परेका छन् । केहीमाथि आतङ्कवादी गतिविधिमा संलग्नताको र अन्यमाथि हत्या वा हिंसामा संलग्नताको आरोप लगाइएको छ । कैयौँले हसिना सरकारकालीन अभ्याससँग मेल खाने किसिमको हिरासतमा दुर्व्यवहार र उपचार नपाएको गुनासो गरेका छन् ।
गत अगस्ट २८ मा 'मञ्च ७१' नामक स्वतन्त्रता उत्सवका क्रममा पत्रकार र शिक्षाविद् सहित १६ जनालाई प्रहरीले पक्राउ गरेको थियो । भिडबाट सुरक्षा दिन बोलाइएका प्रहरीले सहभागीहरूलाई नै नियन्त्रणमा लिएको थियो ।
ढाका विश्वविद्यालयका प्राध्यापक शेख हाफिजुर रहमान र पूर्वमन्त्री अब्दुल लतिफ सिद्दीकी पनि पक्राउ परेकामध्ये हुनुहुन्थ्यो । सुरुमा 'सुरक्षाका लागि हिरासत' भनिए पनि पछि उहाँहरूविरुद्ध आतङ्कवाद ऐनअन्तर्गत मुद्दा दायर गरिएको थियो ।
सेप्टेम्बर ४ मा पत्रकार मन्जुरुल आलम पन्नालाई जमानत सुनुवाइका क्रममा हतकडी र बुलेटप्रुफ ज्याकेटसहित अदालतमा ल्याइएको थियो । उनका परिवारका अनुसार यो केवल छलफल कार्यक्रम थियो, आतङ्कवादी सभा होइन । तर सरकार विरोधी ठहरिएर जेल हालियो ।
आतङ्कवादविरोधी ऐन पहिलोपटक सन् २००९ मा अवामी लिग सरकारले लागू गरेको थियो । अहिलेको संशोधनबारे सरकारको दाबी छ, 'यो ऐन अवामी लिगका दुरुपयोगका लागि जवाफदेही बनाउने र विद्यार्थीहरूको माग सम्बोधन गर्ने उद्देश्यले गरिएको हो ।'
तर कानूनविद् र अधिकारकर्मीहरूले यसलाई अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रहार बताएका छन् ।
बङ्गलादेश सम्पादक परिषद्ले चेतावनी दिँदै भनेको छ, 'यो संशोधनले प्रेस स्वतन्त्रता र जनअधिकारमा गम्भीर खतरा पुर्‍याउनेछ ।' तर प्रधानमन्त्री युनुसले 'अभिव्यक्ति स्वतन्त्रतामा कुनै हस्तक्षेप गरिएको छैन' भनेर आरोप अस्वीकार गरे ।
'ऐन ओ सालिस केन्द्र' (एएसके) का अनुसार यस वर्षको सुरुदेखि भिडजन्य हिंसामा कम्तीमा १५२ जनाको मृत्यु भइसकेको छ । यद्यपि अन्तरिम सरकारले महिलाको अधिकार र धर्मनिरपेक्ष आन्दोलनहरूलाई दबाउन नसकेको बताइएको छ ।
एक राजनीतिक कार्यकर्ताले एचआरडब्ल्युलाई भनेका छन्, 'हामीसँग अब दुई विकल्प मात्र छन्—या त आतङ्कारीको आरोपमा जेल जानु, या भिडको हिंसाको सिकार बन्नु ।'
सन् २०२५ जुलाईमा मानव अधिकार उच्चायुक्तको कार्यालय र बङ्गलादेशी सरकारबीच तीन वर्षे समझदारीपत्रमा हस्ताक्षर भएको थियो । उक्त समझदारीअन्तर्गत बङ्गलादेशमा मानव अधिकार प्रवद्र्धनका लागि संयुक्त राष्ट्रसङ्घको मिसन स्थापना हुनेछ । मानव अधिकार प्रमुख भोल्कर टर्कका अनुसार यो मिसन बङ्गलादेशको मानव अधिकार प्रतिबद्धताको महत्त्वपूर्ण माइलस्टोन हुनेछ ।
अन्तरिम सरकारले सन् २०२६ फेब्रुअरीमा आमनिर्वाचन गराउने वाचा गरेको छ । तर एचआरडब्ल्युकी मीनाक्षी गाङ्गुलीले भने, 'सरकारले आतङ्कवादविरोधी कानूनको दुरुपयोग तत्काल रोक्नुपर्छ । यो कानून राजनीतिक दमनको औजार बन्दै गएको छ । सरकारको ध्यान निष्पक्ष, सुरक्षित र सहभागी निर्वाचन सुनिश्चिततामा केन्द्रित हुनुपर्छ ।'रासस

# पुर्ख्यौली सीपको सदुपयोग गर्न घरमै उद्योग स्थापना



कञ्चनपुर ।
शुक्लाफाँटा नगरपालिका–७ का जगतबहादुर सिंहलाई यतिबेला कपडा उत्पादन र तयारी पोशाक बनाउन भ्याइनभ्याइ छ ।
चाडपर्वका कारण बजारमा माग बढेपछि श्रीमान, श्रीमतीसहित परिवारका सदस्य कपडा बुन्न र सिलाउन व्यस्त देखिन्छन् । घरमै तान बनाएर सुरु गरिएको उद्योगमा धागो कात्ने, कपडा बुन्ने र पोशाकसमेत तयार गरिन्छ । पुख्र्यौली सीपलाई पुस्तान्तरण गर्न स्थापना गरिएको उद्योगमा अहिले अल्लो, गाँजा, बाँस र ऊनका कपडा उत्पादन हुने गर्दछन् ।
यसबाट सीपको सदुपयोग र परिवार नै स्वरोजगार भएकाले सिंह बताउछन् । 'हाम्रा पूर्खाले दार्चुलामा हुँदा राडी पाखीको काम गर्थे, हाम्रा पूर्खाबाट सीकेको सीपलाई सदुपयोग गर्न घरमै उद्योग स्थापना गरेका हौँ', सिंहले भने, ' तीन लाख रुपैयाँ लगानीमा हाते मेसिनबाट सुरु गरेको उद्योगमा अहिले २० लाख रुपैयाँ लगानी पुगिसक्यो ।' उनले अहिले चार वटा मोटर मेसिन थप गरेर उद्योगमा थप लगानी गरेको बताए ।
'एक जना भारतीय कामदार राखेका छौँ, दुई छोरा, श्रीमती र आफु पनि उद्योगमै काम गर्छौं', उनले भने, 'यसबाट हाम्रो परिवारको खर्च चलेको छ, सन्तुष्ट छौँ ।' सुरुवातका वर्षहरुभन्दा पछिल्ला वर्षमा तयारी कपडाको माग धेरै आउने गरेको उनले बताए ।
सिंह परिवारको पुख्र्यौली पेशा नै कपडा बुन्ने हो । दार्चुलामा राडीपाखी बनाएर बिक्री गर्ने उनिहरु २०४४ सालमा तराई बसाइ सरे । त्यसपछि पुख्र्यौली पेशाले निरन्तरता पाउन नसके पनि ३५ वर्षपछि पारिवारिक सल्लाहपछि पुनः आफ्नो कामलाई सुरुवात गरेको उनको भनाइ छ ।
'सीप हुँदा हुँदै त्यतिकै बस्नुभन्दा उद्योग स्थापना गरौं भन्ने एक दिनको पारिवारिक बसाइमा सल्लाह भयो', सिंहले भने, 'उद्योग स्थापनापछि हरेक वर्ष राम्रो आम्दानी हुँदै गएको छ, गत वर्ष मात्रै रु तीन लाख आम्दानी भयो ।' घरमै उद्योग स्थापना गर्दा कामदारको समस्या भोग्नु परेको उनि बताउछन् । 'अहिले पनि उद्योगमा कामदार पाउन मुस्किल छ, भारतीय कारिगर मात्रै छन्', उनले भने, 'देशभित्र मेहनत गर्ने बानी छैन सबैमा विदेश मोह छ ।'
उनले आफुले स्वदेशमै कच्चा पदार्थ प्रशोधन गरेर धागो उत्पादन गर्ने गरेको बताए । केही कच्चा पदार्थ भने भारतबाट आयात गर्ने गरेको उनको भनाइ छ । कपडाभन्दा तयारी पोसाकको माग धेरै आउने गरेकाले अहिले तयारी पोसाक उत्पादनमा जोड दिएको सिंह बताउछन् । 'स्थानीय उत्पादन टिकाउ पनि हुन्छ स्वास्थ्यका लागि पनि फाइदाजनक छ', सिंहले भने, 'सुरुवातमा बजारमा समस्या थियो अहिले माग धेरै आउने गरेको छ ।'
प्राकृतिक फाइबरबाट निर्मित कपडा शरिरका लागि निकै फाइदाजनक मानिन्छ । यसको निर्माणका लागि अल्लो र गाँजाको धागो मात्रै उत्पादन हुने गर्दछ भने कटनका लागि भारतबाट धागो आयात गर्नुपर्ने झन्झट छ । त्यसैले यस्ता कच्चापदार्थ स्वदेशमै उत्पादन गर्न सके त्यसले घरेलु उद्योग सञ्चालनमा निकै टेवा पुग्ने उनको भनाइ छ ।रासस

# दशैँपछि मुस्ताङ भन्सार सञ्चालनमा




मुस्ताङ ।
भदौ ३१ गतेदेखि पूर्णरुपमा सञ्चालनमा आएको उत्तरी कोरलानाकास्थित न्हेचुङको भन्सार कार्यालय दशैँपछि बिहीबारदेखि सञ्चालनमा आएको छ । असोज १३ गते कर्मचारी दशैँ मनाउन घर गएपछि कार्यालय बन्द थियो ।
कार्यालयमा निकासी तथा पैठारीकर्ता मालवस्तु धनीका अख्तियार प्राप्त प्रतिनिधि उपस्थित नहुँदा मालवस्तु जाँचपासलगायतका काम सुरु नभएको भन्सारप्रमुख रमेश खड्काले जानकारी दिए ।
दशैँमा बिदा हुँदा चीनबाट आयात गरिएका मालवस्तु तथा विद्युतीय कार न्हेचुङ भन्सारमा जाँचपासका लागि रोकिएका छन् । नाकाबाट मालवस्तु आयात गरी मालवाहक र विद्युतीय कारहरु जम्मा भएको सूचना प्राप्त भएको भन्सार प्रमुख खड्काले बताए । कोरलानाकाबाट दशैँ अघिसम्म दुई अर्ब दुई करोड ९६ लाख रुपैयाँ राजस्व सङ्कलन भएको थियो । त्यस अवधिसम्म कोरलानाकाबाट भित्रिएका एक हजार १ सय ९ वटा विद्युतीय कारमध्ये ९ सय ६५ वटा विद्युतीय कारको भन्सार जाँचपास भई गन्तव्यमा पुगिसकेका छन् । यसैगरी चिनियाँ मालवस्तु ढुवानी गरिएका ३७५ वटा मालवाहकको भन्सार जाँचपास भएको छ । यसअघि यहाँको मुस्ताङ भन्सार कार्यालय उपल्लो मुस्ताङका नागरिकका लागि मात्रै खुल्ला हुँदा थोरै मात्र राजस्व सङ्कलन हुने गरेको थियो । गत साउन, भदौमा रसुवागढी र तातोपानी नाका बाढीपहिरोका कारण अवरुद्ध भएपछि भन्सार विभागले कोरलानाकालाई प्रयोगमा ल्याएको हो । रासस

CamScanner

# टोखाका हरेक टोलमा नागरिक सुरक्षा समूह गठन गरिने

**काठमाडौँ।**
काठमाडौँको टोखा नगरपालिकाका हरेक टोलमा नागरिक सुरक्षा समूह गठन गरिने भएको छ।

नगरप्रमुख प्रकाश अधिकारीको संयोजकत्वमा बुधबार बसेको नगरक्षेत्रको शान्तिसुरक्षासम्बन्धी बैठकले आफ्नो टोल र टोलवासीको जीउधनको सुरक्षा, सार्वजनिक सम्पत्तिको संरक्षणका लागि प्रहरीसँगको समन्वय र सहकार्यका लागि हरेक टोलमा नागरिक सुरक्षा समूह गठन गर्न वडा कार्यालयमार्फत टोलवासीलाई अनुरोध गर्ने निर्णय गरेको हो।

बैठकले टोखाभित्रका प्रत्येक घरधनीले आफ्नो घरमा बहालमा बस्ने व्यक्तिको परिचय खुल्ने कागजात संलग्न गर्ने र बहालमा बस्ने व्यक्तिले कुनै शङ्कास्पद गतिविधि गरिरहेको देखिएमा नजिकको सुरक्षा निकायलाई खबर गर्ने निर्णयसमेत गरेको छ।

यसैगरी स्थिति सामान्य नहुञ्जेल अत्यावश्यक अवस्थामा बाहेक राति ९ बजेपछि घरबाहिर ननिस्कन, व्यापार–व्यवसाय पनि रातिको ९ बजेपछि बन्द गर्नका लागि अनुरोध गर्ने निर्णय बैठकले गरेको छ।

टोखाभित्र साबिकदेखि स्थापना भएका प्रहरी कार्यालयलाई पूर्ववत् अवस्थामा सञ्चालन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने, नगरपालिकाभित्र हाल चालु नरहेका सडकबत्ती, सिसी क्यामेरालगायत सुरक्षासम्बन्धी उपकरणलाई मर्मतसम्भार गरी चाँडो सञ्चालनमा ल्याइने पनि बैठकको निर्णय छ। रासस

# चरिकोट–खाडिचौर सडकको प्रयोग

**रामेछाप।**
असोज १७ र १८ को अविरल वर्षाका कारण रोशी खोलामा आएको बाढीले बिपी राजमार्गको अधिकांश बाटो बगाएपछि आवागमनमा समस्या भएको छ। हिजोआज तराईका विभिन्न भाग र पूर्वी जिल्लाबाट आएका साना तथा ठूला सवारीसाधनहरू वैकल्पिक मार्गको प्रयोग गर्न थालेका छन् । यहाँ खुर्कोट–मन्थली–चरिकोट–मुडे–खाडिचौर हुँदै दोलालघाटको वैकल्पिक सडक प्रयोग हुन थालेको छ।

सवारी अवागमनलाई व्यवस्थित बनाउन ट्राफिक प्रहरीले मन्थलीस्थित देवकोटा चोकबाट प्रहरी कार्यालय हुँदै बसपार्क निस्केर काठमाडौँ पठाउने र उताबाट आउने सवारीसाधनलाई बसपार्कबाट कटहरबोट चोक हुँदै देवकोटा चोकमा निस्कने गरी एकतर्फी यातायात सञ्चालन गर्ने गरेको छ। बिपी राजमार्ग हुँदै तराईका विभिन्न भागदेखि पूर्वको कोशी प्रदेशका अधिकांश जिल्ला र काठमाडौँ आउजाउ गर्ने सवारीसाधनले वैकल्पिक मार्गका रूपमा यो सडक प्रयोग गर्ने गरेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कौशल न्यौपानेले बताए। दसैँ मनाएर आआफ्नो कार्य क्षेत्र फर्कने यात्रुको सहजताका लागि आफूहरू निरन्तर क्रियाशील रहेको उनले बताए। रासस

# स्थानीय तहद्वारा १५ किलोमिटर सडक कालोपत्र

**तनहुँ।**
जिल्लाका स्थानीय तहले एक वर्षमा १५ किलोमिटर सडक कालोपत्र गरेका छन्।

गत आर्थिक वर्षमा जिल्लाका छ गाउँपालिकाले १५ दशमलव ६२ किलोमिटर सडक कालोपत्र गरेका हुन् । त्यस्तै ती पालिकाले ३८ दशमलव ५५ किलोमिटर सडकको नयाँ ट्र्याक खोलेका छन् ।

म्याग्दे गाउँपालिकाले एक वर्षको अवधिमा एक दशमलव पाँच किलोमिटर सडक कालोपत्र गरेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिए । त्यस्तै दुई दशमलव ५५ किलोमिटर सडकको नयाँ ट्र्याक खोलिएको छ भने तीन दशमलव एक किलोमिटर ग्राभेल गरिएको छ । सोही अवधिमा चार पक्की पुल निर्माण गरिएको अधिकारीले बताए।

व्यास नगरपालिकामा नौ किलोमिटर सडकको ट्र्याक खोलिएको छ । प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालका अनुसार पाँच दशमलव दुई किलोमिटर ग्राभेल, तीन दशमलव ९४ किलोमिटर कालोपत्र गरिएको छ एउटा पक्की पुल निर्माण गरिएको छ।

ऋषिङ गाउँपालिकामा पाँच किलोमिटर सडकको ट्र्याक खोल्ने काम गरिएको प्रमुख प्रशासकीय अधिकृत अनिल अम्गाईले जानकारी दिए। उनका अनुसार १२ किलोमिटर सडक ग्राभेल गरिएको छ भने एक किलोमिटर कालोपत्र गरिएको छ । त्यस्तै एउटा पक्की पुल निर्माण भएको उनले बताए।

बन्दीपुर गाउँपालिकामा १८ किलोमिटर सडकको ट्र्याक खोलिएको प्रमुख प्रशासकीय अधिकृत कमलबहादुर केसीले जानकारी दिए । तेह्र किलोमिटर सडक 'ग्राभेल' गरिएको बन्दीपुरमा चार किलोमिटर सडक कालोपत्र गरिएको उनले बताए।

घिरिङ गाउँपालिकामा एक दशमलव दुई किलोमिटर सडकको ट्र्याक खोलिएको प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद ढकालले जानकारी दिए । उनका अनुसार दुई दशमलव पाँच किलोमिटर सडकको ग्राभेल गरिएको छ भने एक किलोमिटर सडक कालापत्रे गरिएको छ।

आँबुखैरेनी गाउँपालिकामा चार दशमलव ६३ किलोमिटर सडक कालोपत्र गरिएको छभने दुई दशमलव आठ किलोमिटर ट्र्याक खोलिएको प्रमुख प्रशासकीय अधिकृत चन्द्रकान्त तिमिल्सिनाले जानकारी दिनुभयो। रासस

# चन्दा उठाएर म्याग्दी र कास्की सडक सञ्जालमा जोडियो



**म्याग्दी।**
स्थानीयले चन्दा सङ्कलन गरी म्याग्दी र कास्कीलाई सडक सञ्जालमा जोडेका छन् ।

अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काका अनुसार स्थानीयले चन्दा सङ्कलन गरेर घोडेपानी–नाङ्गेठाँटी–बनठाँटी खण्डमा दुई किलोमिटर ट्र्याक निर्माण गरेपछि दुई वटा जिल्ला सडक सञ्जालमा जोडिएका हुन्।

"पोखरेबगरदेखि तल्लो घोडेपानी र कास्कीको नयाँपुलदेखि उल्लेरी हुँदै बनठाँटीसम्म यअघिनै सडक निर्माण भएर यातायात सञ्चालन हुँदै आएको थियो", उनले भने, "प्रदेश राजधानी र प्रमुख पर्यटकीय गन्तव्य मुस्ताङ जोड्न यो छोटो बाटो भएकाले उल्लेरी, शिख, घार र घोडेपानीका बासिन्दाले चन्दा सङ्कलन गरेर ट्र्याक खोलेका हुन्।"

मध्यपहाडी लोकमार्गको नयाँपुलदेखि कालीगण्डकी कोरिडोरअन्तर्गत बेनी–जोमसोम–कोरला सडकमा पर्ने पोखरेबगर जोड्ने यो सडक ४० किलोमिटर छ । रासस

# नेतृत्व हस्तान्तरण गर्न नागरिक अगुवाहरूको आह्वान

**काठमाडौँ।**
नागरिक समाजका अगुवाहरूले 'जेन्जी' प्रदर्शनपछि देशमा उत्पन्न अस्थिर परिस्थितिमा राजनीतिक दलहरूका नेतृत्वको भूमिकामाथि प्रश्न उठाउँदै तत्काल नेतृत्व हस्तान्तरण गर्न आह्वान गरेका छन् ।

नागरिक समाजका २३ जना अगुवाले बुधबार संयुक्त अपिल जारी गरी राजनीतिक दलहरूलाई 'अविलम्ब नेतृत्व हस्तान्तरण' गर्न आह्वान गरेका छन् । 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने अग्रगामी दलहरूमा आन्तरिक लोकतन्त्रको अभाव, नेतृत्वमा भ्रष्टाचारप्रतिको शून्य सहनशीलता, सिद्धान्त र विचारको मार्गदर्शनभन्दा जसरी पनि सत्तामा टिकिरहने मोहका कारण जनआक्रोशको सिकार बन्दै गएको यथार्थतालाई दलहरूले स्वीकार गर्न आवश्यक छ', अपिलमा भनिएको छ, 'यस परिस्थितिमा दलहरूले विगतका गल्ती, कमजोरी र विचलनको गम्भीर समीक्षा गरी जनतासँग क्षमा माग्दै, आन्तरिक लोकतन्त्रलाई मजबुत बनाउन, जनप्रतिबद्ध नीति तथा वैचारिक सर्वोच्चता कायम गर्दै अविलम्ब आफ्नो आन्तरिक लोकतान्त्रिकीकरणको प्रक्रियालाई तीव्र बनाई जवाफदेही, विकेन्द्रित एवम् सामूहिक नेतृत्वप्रणाली स्थापित गर्नु आवश्यक छ ।'

हालको जटिल परिस्थिति उत्पन्न हुनुको मूल कारक राजनीतिक दलका नेतृत्व तहको कार्यशैली र गम्भीर वैचारिक विचलन नै भएको निष्कर्ष निकाल्दै अगुवाहरूले जनताको विश्वास पुनः प्राप्त गर्न र संविधानको संरक्षण गर्न तथा गराउनका लागि राजनीतिक दलको नेतृत्व अविलम्ब हस्तान्तरण हुन अत्यावश्यक रहेकामा जोड दिएका छन् ।

'राजनीतिक दललाई अविलम्ब नेतृत्व हस्तान्तरण गर्न नागरिक आह्वान' शीर्षकको अपिलमा भनिएको छ, 'उपरोक्त कार्यभार पूरा गर्न, गराउन तथा राजनीतिमा युवा पुस्ताको संलग्नता बढाउँदै पार्टीलाई अविलम्ब पुनर्जीवन दिनु अत्यावश्यक भएकाले दलका पहिलो पुस्ताका नेतृत्वले अब आफैं अग्रसर हुनुपर्छ । आजको जटिल परिस्थिति उत्पन्न हुनुको मूल कारक राजनीतिक दलका नेतृत्व तहको कार्यशैली र गम्भीर वैचारिक विचलन नै भएकाले विगतमा नेपालको राजनीतिक–सामाजिक रूपान्तरणका लागि योगदान गरेका दलहरूले समयको मागलाई सम्बोधन गर्न, जनताको विश्वास पुनः प्राप्त गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र संविधानको संरक्षण गर्न गराउनका लागि राजनीतिक दलको नेतृत्व अविलम्ब हस्तान्तरण हुन अत्यावश्यक भइसकेको छ.। तसर्थ नयाँ नेतृत्वका लागि नेतृत्व स्वयं अग्रसर भई मार्ग प्रशस्त गर्नुपर्दछ भन्ने हाम्रो अभिमत रहेको छ ।'

यसैगरी 'जेन्जी' आन्दोलनको औचित्य स्वीकार गर्दै संवैधानिक सीमाभित्र रहेर नवयुवापुस्ताको जायज माग पूरा गर्ने प्रतिबद्धताका लागि अन्तरिम सरकारको कदमलाई स्वागत गरिएको छ । यस्तै, आन्दोलनका क्रममा भएको घुसपैठले गर्दा हिंसात्मक बन्न पुगेको प्रदर्शन, प्रदर्शनमाथि गरिएको क्रूर सरकारी दमन र त्यसपश्चात्का अराजकतापूर्ण घटनाको भर्त्सना गर्दै छानबिनसहित कारबाहीको माग गरिएको छ ।

'जेन्जी नवयुवाहरूले समग्र पुस्ताका आमजनभावनाको प्रतिनिधित्व गर्दै भ्रष्टाचारको विरोध र सुशासनको माग पूरा गराउन गरेको आन्दोलन र शहादतपछिको असाधारण परिस्थितिमा बनेको वर्तमान अन्तरिम सरकारले संवैधानिक सीमाभित्र रहेर नवयुवापुस्ताको जायज माग पूरा गर्ने प्रतिबद्धताको हामी स्वागत गर्दछौँ । तर यस आन्दोलनका क्रममा भएको घुसपैठले गर्दा हिंसात्मक बन्न पुगेको प्रदर्शन, प्रदर्शनमाथि गरिएको क्रूर सरकारी दमन र त्यसपश्चात्का अराजकतापूर्ण घटनाको हामी तीव्र भर्त्सना गर्दछौँ । निजी निवास, सरकारी भवन, राजनीतिक दलका कार्यालय, अदालत, सञ्चारगृह र उद्योग प्रतिष्ठानमाथिका लुटपाट र आगजनी तथा सुरक्षा निकाय र सुरक्षाकर्मीमाथि भएका आक्रमण तथा राज्य पक्षबाट भएको हत्या हिंसाका लागि जिम्मेवार व्यक्तिहरूलाई तुरुन्त छानबिन गरी कानुनको दायरामा ल्याई कारबाही गरिनुपर्दछ ।'

उनीहरूले यस क्रममा आगजानी र तोडफोडमा संलग्नलाई तत्काल कारबाही नगरिने आशयको सरकारद्वारा जारी निर्देशन तत्काल खारेजीको माग गर्दै आन्दोलनकारी र विध्वंशकारीहरूलाई छुट्याई तदनुसार कारबाही नगरे सरकारले दण्डहीनतालाई प्रश्रय दिएको ठहरिने जनाएका छन् ।

यसैगरी संवैधानिक निकायहरूमा फैलाइएको भय र अन्यौलको अन्त्य गर्न सरकारलाई आग्रह गरिएको गर्दै भ्रष्टाचारमा संलग्नलाई कानुनी दायरामा ल्याउन र आगामी फागुन २१ गते तय भएको निर्वाचनलाई सफल बनाउन सबै पक्षबीच तत्काल संवाद शुरु गर्नुपर्नेमा जोड दिइएको छ । राजनीतिक दलहरूलाई चुनावमा भाग लिन नदिनेजस्ता अस्वाभाविक अभिव्यक्तिप्रति गम्भीर आपत्ति जनाइएको छ । 'संवैधानिक सर्वोच्चता र कानुनी राज्यको मान्यता विपरीत हुनेगरी नेपालका प्रधान न्यायाधीश र संवैधानिक अङ्गका पदाधिकारीहरूका विरुद्धमा सिर्जना गरिएको भय, त्रास र अनिश्चिततापूर्ण परिस्थितिप्रति सरकारको गम्भीर ध्यानाकर्षण गर्दै यस्तो परिरिस्थिति अन्त्य गर्न सरकारसँग माग गर्दछौँ ।

साथै भ्रष्टाचारको आरोपमा संलग्न व्यक्तिहरूमाथि अविलम्ब छानबिन गरी कानुनी प्रक्रिया शुरु गर्न पनि सरकारलाई सचेत गराउन चाहन्छौँ र सो प्रक्रियामा सहयोग गर्नका लागि राजनीतिक दलहरूको पनि ध्यानाकर्षण गराउँदछौँ', अपिलमा उल्लेख छ, 'संवैधानिक प्रक्रिया यथासक्य चाँडो सुसञ्चालन गर्नका लागि तोकिएको मितिमा निर्वाचनमा उत्साहपूर्वक मतदान हुन सक्ने वातावरण निर्माण गर्नका लागि शान्ति र अमनचयन कायम राख्न विशेष ध्यान पु¥याउँदै राजनीतिक दल, जेन्जी प्रतिनिधि र सबै सरोकारवालासँग तत्काल संवाद थाल्न हामी नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छौँ ।'

आह्वानमा हस्ताक्षर गर्नेहरूमा लोकराज बराल, गणेशमान गुरुङ, रत्नसंसार श्रेष्ठ, उपेन्द्र कोइराला, सुशील प्याकुरेल, चण्डेश्वर श्रेष्ठ, कनक दीक्षित, रेणु अधिकारी, शरद् वन्त, महेश मास्के, परशुराम तामाङ, शङ्कर सुवेदी, झलक सुवेदी, कुन्दन अर्याल, टीकाराम भट्टराई, शोभाकर बुढाथोकी, उषा झा, गीता त्रिपाठी, राधिका खतिवडा, भागिराम चौधरी, राजेन्द्र महर्जन, चूर्णबहादुर चौधरी र बिन्दु शर्मा छन् । रासस

Pokhariya Municipality
Office of the Municipal Executive Pokhariya
Pokhariya, Parsa
Madhesh Province, Nepal

**NOTICE OF INVITATION FOR ELECTRONICS BIDS**
**First Date of Publication: 10th October 2025**

1. Pokhariya Municipality, Pokhariya. Parsa invites **electronic bids** from eligible Nepalese bidders for the following work:

| S. No. | Contract No. | Name of Contract | Cost of Bid Document (NRs.) | Average Annual Turnover | Work Experience of Similar Size and Nature | Bid Validity Period | Bid Security Amount (NRs.) Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1 | PM/NCB/ W/01/2082 -083 | Construction of Shree Mahobani Padam Secondary School at Pokhariya Municipality-6 | 10,000.00 | 135,068,000.00 | One RCC Framed Building of NRs. 67,534,000.00 with M20 or above- 682 cum/year; Reinforcement- 107 MT/year; Brickwork- 738 cum/year | 120 days | 3,000,000.00, 150 days |
| | **Deadline for Bid Submission:** | | 10th November 2025 till 12:00 Noon | | | | |
| | **Date, Time and Place of Bid Opening:** | | 10th November 2025 2: 00 PM at Pokhariya Municipality, Pokhariya, Parsa | | | | |
| | **Account Number for Bid Document Purchase:** | | Name of Bank: Agriculture Development Bank Limited<br>Name of Office: Pokhariya Municipality. Pokhariya. Parsa<br>Office Account no.: 0507201189857125 | | | | |
| | **Account Number for Bid Security Deposit:** | | Account Name: Pokhariya Municipality, Pokhariya, Parsa<br>Bank Name: Pokhariya Municipality, Pokhariya, Parsa<br>Account Number: 0507201189857036 | | | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Pokhariya Municipality, Pokhariya. Parsa or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

CamScanner

# इलामलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा



**काठमाडौँ ।**
सरकारले अविरल वर्षासँगैको बाढीपहिरोबाट प्रभावित इलाम जिल्लालाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ ।
सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहिवार बसेको मन्त्रिपरिषद् बैठकले तीन महिनाका लागि इलामलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।
यही असोज १८ गतेदेखि परेको अविरल वर्षाका कारण गएको पहिरो र बाढीमा परी पूर्वी पहाडी जिल्ला इलाममा ३९ जनाको मृत्यु भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।
सोही घटनामा परी एक जना बेपत्ता र २६ घाइते भएका थिए । बाढी र पहिरोबाट इलामको सडक सञ्जालमा ठूलो क्षति पुगेको छ ।
बैठकले जलविद्युत् आयोजना निर्माणका लागि स्रोत व्यवस्थापन गर्न २० अर्ब रुपैयाँ बराबरको ऊर्जा वण्ड चरणबद्ध रुपमा निष्काशन गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको छ ।
मन्त्रिपरिषद् बैठकले प्रहरी नायब महानिरीक्षकहरु सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी, हिमालयकुमार श्रेष्ठ र डम्बरबहादुर विश्वकर्मालाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरी पदस्थापन गर्ने निर्णय गरेको छ ।
बैठकले भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ बमोजिम गठन भएको भूमि समस्या समाधान आयोग र सबै जिल्लाका जिल्ला समिति खारेज गरेको छ । मन्त्रिपरिषद् बैठकले त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समिति २०८१ ले पेस गरेको प्रतिवेदन कार्यान्वयनका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाएको छ ।
अध्यागमन र भिजिट भिसाका सन्दर्भमा विगतदेखि देखिएका समस्या समाधान गर्न गठित उच्चस्तरीय अध्ययन एवम् छानबिन समिति २०८२ ले पेस गरेको प्रतिवेदन कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाइको छ ।
त्यस्तै नागरिक उड्डयन क्षेत्रको सुधारका लागि गठित उच्चस्तरीय अध्ययन एवम् सुझाव समितिले पेस गरेको प्रतिवेदन २०८२ कार्यान्वयनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाउने निर्णय भएको सरकारका प्रवक्ता खरेलले जानकारी दिए । रासस

# 'प्रतिनिधिसभा पुनःस्थापनाका पक्षमा एमाले'



**भक्तपुर ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभाको पुनःस्थापना हुनुपर्ने धारणा व्यक्त गरेका छन् ।
एमालेको भक्तपुर जिल्ला कमिटीद्वारा बिहिवार गुण्डुमा आयोजित कार्यक्रममा अध्यक्ष ओलीले प्रतिनिधिसभा पुनःस्थापनाका पक्षमा आफ्नो पार्टी रहेको र त्यसमा नेपाली कांग्रेस पनि सहमत हुने विश्वास व्यक्त गरे ।
सम्बोधनका क्रममा अध्यक्ष ओलीले सरकारले निर्वाचन गराउने हो भने राजनीतिक दलहरुको विश्वास जितेर निर्वाचन प्रक्रियामा सबैलाई सहभागी गराउनुपर्ने बताए । 'यतिबेला राष्ट्रलाई एकता र स्थिरता चाहिएको छ । लोकतान्त्रिक शक्तिहरु एक ठाउँमा आएर शान्ति सुव्यवस्था कायम गर्दै देशलाई समृद्ध बनाउनुपर्छ'', उनले भने, 'सरकारले यसका लागि सकारात्मक र अनुकूल वातावरण निर्माण गर्नुपर्छ ।''
उनले घटनाको छानविन गर्न बनेको आयोगका संयोजक गौरीबहादुर कार्कीमाथि प्रश्न उठेको भन्दै एमाले र जनताले नमान्ने बताएका हुन् ।
उनले आयोगमा बस्नु भन्दा अगाडिका अभिव्यक्तिहरुको प्रश्न उठिसकेपछि नैतिकताका आधारमा राजीनामा दिनु पर्दैन थियो ? भन्दै प्रश्न गरे । सम्पती छानविनको कुरा उठिरहेको भन्दै अहिलेका सरकारका मन्त्रीहरुको सम्पती छानविन गर्न मात्रै हो ? भन्दै प्रश्न गरे । नेकपा एमालेलाई यस्ता नक्कली आयोग मञ्जुर नरहेको बताए ।
उनले भने, 'सम्पती छानविन गर्ने रे, एक पटक होइन १० पटक गर सम्पती छानविन । म सोध्न चाहन्छु मन्त्रीज्युहरु तपाईंहरको सम्पती छानविन गरौं ? आँट गर्नुहुन्छ, आफ्नै सम्पती छानविन गराउने ? अब यस्तै अहिले बनाए जस्तै आयोग बनाउन पाउनुभयो भने गराउनु होला । पहिला नै केपी ओलीलाई समाउनुपर्छ, थुन्नुपर्छ, मुद्दा लगाउनुपर्छ भन्नेहरुको आयोग बनाएर गज्जवको ड्रामा गर्नुहुन्छ । पहिला नै केपी ओली समाउनुपर्छ, थुन्नुपर्छ भन्ने मान्छेहरुको आयोग बनाएर छानविन गरेर प्रतिवेदन दिएको नाटक गर्ने अनि त्यो प्रतिवेदनका आधारमा अगाडि बढ्यौँ भन्ने नाटक गर्ने यस्ता नाटक नेकपा एमालेलाई मञ्जुर छैन ।
स्वीकार्य छैन । मैले मसिनो भाषामा भनेको छु यो स्वीकार्य छैन भनेर । तर बुझ्नुस् तपाईंहरुले नेकपा एमालेलाई यो नक्कली आयोग मञ्जुर छैन । किनपनि मञ्जुर छैन भने गम्भीर प्रश्नहरु उहाँहरुका अभिव्यक्तिहरु, आयोगमा राखिनु भन्दा अगाडि, आयोगमा बस्नु भन्दा अगाडिका अभिव्यक्तिहरुको प्रश्न उठिसकेपछि सप्रमाण देखिसकेपछि उहाँहरुले नैतिकताका आधारमा राजीनामा दिनु पर्दैन थियो ? उहाँहरुले हामी निष्पक्ष छौँ भन्न सक्नुभएको छैन । लुसुलुसु अघि बढ्नुभएको छ, बढ्नुस् । तपाईंहरुको प्रतिवेदन लेख्नुस् । बुझाउनुस्, फैसला गर्नुस् । एमालेलाई मान्य छैन, नेपाली जनतालाई मान्य छैन । मान्दैनौँ हामी, गर्नुस्, केके गर्नुहुन्छ ?'
अध्यक्ष ओलीले तत्कालको तत्काल कोही मानिस विरोधीबाट निष्पक्ष हुनसक्छ ? भन्दै प्रश्न गरे ।
कार्यक्रममा एमालेका महासचिव शङ्कर पोखरेलले मुलुकमा समस्या उत्पन्न भएका बेला देशभित्रै एकता र सहमतिको वातावरण निर्माण गर्नुपर्नेमा पार्टीभित्र विवाद सिर्जना गर्न नहुने धारणा राखे । महासचिव पोखरेलले सरकारले चुनावको वातावरण बताउनका लागि कुनै पहलकदमी नलिएको जिकिर गरे ।
'यो सरकार चुनाव गराउन चाहन्छ भन्नेकुरा पनि भ्रम मात्रै हो । किनकी सरकारले चुनावको वातावरण कुरामा कुनै प्रकारको पहलकदमी लिएको अनुभुति न नागरिकले गरेका छन् न नेपालका राजनीतिक दलहरुले गरेका छन् । न नेपालका सुरक्षा अंगले नै सरकार शान्ति सुरक्षाको सन्दर्भमा जिम्मेवार र प्रतिवद्ध छ भन्ने कुराको अनुभुति गर्न सकेका छन्' उनले भने ।
उनले सरकारले चुनाव गराउनका लागि राजनीतिक दलसँग कुरा परामर्श नगरेको गुनासो समेत गरे । महासचिव पोखरेलले वर्तमान सरकार राजनीतिक दलहरुको परामर्श अनुसार नबनेको भन्दै आपत्ति समेत जनाए ।
महासचिव पोखरेलले संविधान भित्रैबाट सरकार गठनका लागि प्रक्रिया अघि बढाउन प्रमुख राजनीतिक दलहरुले गरेको आग्रहलाई उपेक्षा गर्ने काम सैह्य नहुने बताए ।
कार्यक्रममा एमालेका बागमती प्रदेश कमिटीका इन्चार्ज डा राजन भट्टराई, पोलिटब्यूरो सदस्य महेश बस्नेतलगायतले लोकतन्त्र र मुलुकको रक्षाका लागि एमालेलाई एकताबद्ध र बलियो शक्ति बनाउनुपर्ने बताए थिए ।
गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन र प्रतिनिधिसभाको विघटन भई आगामी फागुन २१ गते निर्धारित निर्वाचनको मिति घोषणा भएको थियो ।

# तोडफोड र लुटपाटका दोषीमाथि कारबाही माग



**काठमाडौँ ।**
नेपाली कांग्रेसले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएका तोडफोड, आगजनी र लुटपाट घटनामा संलग्न व्यक्तिमाथि कानूनी कारबाही गर्न सरकारसँग माग गरेको छ ।
बिहीवार पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको पार्टी पदाधिकारी र पूर्वपदाधिकारीहरुको बैठकले यस्तो माग राखेको प्रवक्ता डा. प्रकाशशरण महतले जानकारी दिए।
बैठकपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै महतले तोडफोड र आगजनीजस्ता घटनामा संलग्नलाई कानूनी दायरामा ल्याउनुपर्नेमा नेताहरु एकमत रहेको बताए ।
उनले जेनजी आन्दोलनका सहभागीमाथि कारबाही नगर्ने गृहमन्त्री ओम प्रकाश अर्यालको अभिव्यक्तिप्रति कांग्रेसले कडा आपत्ति जनाएको पनि बताए । उनका अनुसार बैठक मुख्यतः पार्टीको आसन्न अधिवेशनका विषयमा केन्द्रित थियो ।
तर अधिवेशन नियमित समयमा गर्ने कि स्थगित गर्ने भन्ने विषयमा नेताहरुबीच मतभेद रहँदा बैठक ठोस निष्कर्षमा पुग्न नसकेको महतले बताए। केही नेताहरुले अझै धारणा राख्न बाँकी रहेको कारण बैठक पुनः शुक्रबार बस्ने निर्णय गरिएको छ । जेनजी आन्दोलनका क्रममा भएको लुटपाट, आगजनी र राष्ट्रिय राजनीतिक विषयमा पार्टीले यही असोज २६ गते बस्ने केन्द्रीय कार्यसमिति बैठकमार्फत आधिकारिक धारणा सार्वजनिक गर्ने प्रवक्ता महतले जानकारी दिएका छन् ।

# राष्ट्रपतिसँग प्रधानमन्त्रीको भेट

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष प्रधानमन्त्री सुशीला कार्कीले भेट गरेका छन् । बिहिवार मन्त्रिपरिषद्को बैठकलगत्तै प्रधानमन्त्री कार्की राष्ट्रपति निवास शीतलनिवास पुगेर राष्ट्रपति पौडेलसँग भेट गरेका हुन् ।
राष्ट्रपति र प्रधानमन्त्रीबीच मुलुकको पछिल्लो राजनीतिक घटनाक्रम, आगामी निर्वाचनलगायत समसामयिक विषयमा छलफल भएको भेटमा सहभागी सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए । रासस

# प्रचण्ड र ओलीको सुरक्षामा मापदण्डविपरीत खटिएका सुरक्षाकर्मी फिर्ता

**काठमाडौँ ।**
सरकारले पूर्व प्रधानमन्त्रीद्वय पुष्प कमल दाहाल र केपी शर्मा ओलीको सुरक्षामा खटिएका माण्डदण्ड भन्दा बढिका सुरक्षाकर्मीहरुलाई फिर्ता बोलाएको छ ।
दहाल नेकपा माओवादी केन्द्रका अध्यक्ष हुन भने ओली नेकपा एमालेका अध्यक्ष हुन । दुवै जनाको सुरक्षामा खटिएका सुरक्षाकर्मीहरुलाई फिर्ता बोलाइको छ । मापदण्डभन्दा बढी सुरक्षाकर्मी राखेको भन्दै सरकारले ओली र प्रचण्डको सुरक्षाकर्मी फिर्ता गरेको हो । ओलीको २७ र प्रचण्डको ३४ जना सुरक्षाकर्मी फिर्ता गराउने गृहमन्त्रीस्तरीय निर्णय भएको स्रोतले जानकारी दिएको छ ।
मन्त्रालय उच्च स्रोतका अनुसार, ओलीले लगेका मापदण्डविपरीतका २८ सुरक्षाकर्मीलाई बिहीवार फिर्ता बोलाइएको छ भने दाहालका ३४ सुरक्षाकर्मीलाई फिर्ता बोलाइएको छ । दाहालको सुरक्षामा ५२ सुरक्षाकर्मी खटिँदै आएका थिए ।विशिष्ट व्यक्ति सुरक्षा कार्यविधिअनुसार, पूर्वप्रधानमन्त्रीसहित उच्चपदस्थहरुलाई सुरक्षा व्यवस्था गर्ने प्रावधान छ ।

# चौधरीले आइतबार पार्टी दर्ता गराउने

**काठमाडौँ ।**
नागरिक उन्मुक्ति पार्टीका संस्थापक रेशम चौधरीले आइतवार नयां पार्टी दर्ता गराएका छन् । उनले नागरिक उन्मुक्ति पार्टीबाट अलग हुदै नयाँ पार्टी गठन गरेका हुन । सो पार्टीमा अध्यक्ष रंजिता श्रेष्ठले पार्टी कब्जा गरेको भन्दै उनि नयां पार्टी गठन गरेका छन् । श्रेष्ठ चौधरीका श्रीमति हुन ।
उनले दर्ताका लागि चाहिने कागजात तयार गरिरहेका छन् । उनी आइतबार निर्वाचन आयोगमा पार्टी दर्ताका लागि निवेदन दिने तयारीमा रहेको बताइएको छ । रेशम चौधरी भन्छन्, 'तयारीमा लागेको छु, सम्भवतः आइतबार निर्वाचन आयोगमा गएर निवेदन दर्ता गराउँछु ।'
कसको नेतृत्वमा पार्टी दर्ता भइरहेको छ भनी जिज्ञासामा नेतृत्वकर्ताको नाम खुलाउन चाहेनन् । उनले भने, 'को अध्यक्ष हुने, को के हुने त्यतातिर नजाऔँ । दर्ता भएपछि सबै कुरा बाहिर आइहाल्छन्, म आजलाई यति भन्छु– नागरिक उन्मुक्ति पार्टी नेपाललाई मेरा परिवारका सदस्यबाहेकका कसैले नेतृत्व गर्छ ।'
संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी छाडेर रेशम चौधरीले नागरिक उन्मुक्ति पार्टी नेपाल गठन गर्नका थालेका हुन् । नागरिक उन्मुक्ति पार्टीको अध्यक्षमा उनकै श्रीमती रञ्जिता श्रेष्ठ रहेकी छिन्् । दुवै जना बिच आन्तरिक विवाद उत्पन्न भएपछि चौधरीले पार्टी छाडेर अर्को पार्टी गठन गर्न लागेका हुन् ।
भौगोलिक सांस्कृतिक, पहिचानसहितको संङ्घीयता र समुदायमा आधारित समाजवादका लागि गठन भएको नागरिक उन्मुक्ति पार्टीले आफ्नो विचारधारालाई समाजमा स्थापित गर्न नसकेको बताउँदै उनले यसमा दोषीमध्येको आफू पनि एक रहेको बताएका छन् । उनले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नका लागि धुप्री लडाई लडेको भन्दै अब नयाँ ढङ्गबाट लड्नका लागि नागरिक उन्मुक्ति पार्टी नेपाल गठन गर्न लागेको बताए ।

# नेपाल प्रहरीका चार डिआइजीको बढुवा

**जनकपुरधाम ।**
नेपाल प्रहरीका चार डिआइजी एआईजीमा बढुवा भएका छन् ।
बिहीवार बसेको मन्त्रिपरिषद् बैठकले डिआइजीहरु सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी, हिमालयकुमार श्रेष्ठ र डम्बरबहादुर विकलाई एआइजीमा बढुवा गर्ने निर्णय गरेको सञ्चार, सूचना तथा प्रविधिमन्त्री जगदिश खरेलले जानकारी दिए ।
राठौरलाई नेपाल प्रहरी प्रधान कार्यालयको प्रशासन विभाग आर्थिक प्रशासन तथा प्रबन्ध निर्देशनालय नक्सालमा सिफारिस गरिएको थियो ।
चतुर्वेदीलाई मधेश प्रहरी कार्यालय, जनकपुरधाम, श्रेष्ठलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रहरी महाशाखा टंगाल तथा विकलाई सुदुरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी कैलालीमा दरबन्दी सिफारिस गरिएको थियो ।

# आयोगले फिर्ता गऱ्यो ओली र लेखकविरुद्धको जाहेरी



**काठमाडौँ ।**
गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकविरुद्ध परेको जाहेरी फिर्ता गरेको छ। आयोगले बिहीवार एक विज्ञप्ति जारी गर्दै प्रहरीबाट प्राप्त उक्त जाहेरीलाई फिर्ता पठाइएको जनाएको हो ।
जाहेरी गत भदौ २३ र २४ गतेका घटनासँग सम्बन्धित थियो । ती घटनामा 'जेनजी पुस्ता आन्दोलन'का क्रममा मृत्यु भएका व्यक्तिहरुका परिवारले तत्कालीन प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकलाई जिम्मेवार ठहर गर्दै कार्यवाहीको माग गरेका थिए । रसिक खतिवडाका बुवा पुरुषोत्तम खतिवडा लगायत चार जनाले असोज २१ गते प्रहरीमा जाहेरी दर्ता गराएका थिए । सो जाहेरी प्रहरीले पछि जाँचबुझ आयोगमा पठाएको थियो ।
तर आयोगले उक्त मुद्दा आफ्नो कार्यक्षेत्रभित्र नपर्ने ठहर गरेको छ। आयोगले विज्ञप्तिमा उल्लेख गरेअनुसार, फौजदारी प्रकृतिका घटनामा विस्तृत अनुसन्धान, तहकिकात र अभियोजन गर्ने अधिकार आयोगसँग छैन । त्यसैले प्रहरीबाट प्राप्त जाहेरी फिर्ता गरिएको जनाइएको छ ।
आयोगले साथै यस्तो प्रकृतिका मुद्दामा कानूनी प्रक्रिया अनुसार सम्बन्धित निकायले नै आवश्यक कदम चाल्ने जिम्मेवारी रहेको स्पष्ट पारेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचौक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन

CamScanner